
# हरिनास गाउँपालिका




# राजस्व सुधार कार्ययोजना

## Revenue Improvement Action-Plan (RIAP)

## २०८०/८१ - २०८२/८३

## गाँउ कार्यपालिकाको कार्यालय

चित्रेभन्ज्याङ, हरिनास, स्याङ्जा

गण्डकी प्रदेश नेपाल

| | |
|---|---|
| **दस्तावेज/प्रतिवेदन** | **राजस्व सुधार कार्ययोजना तर्जुमा** |
| **प्रकाशक** | हरिनास गाउँपालिका<br>गाँउ कार्यपालिकाको कार्यालय<br>इमेल: harinasruralmunicipality@gmail.com |
| **सहयोगी संस्था** | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा |
| **मिति** | २०८० |

# विषय सूची


| क्रसं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| १. | **परिच्छेद - एक : परिचय** | **५** |
| १.१. | पृष्ठभूमि | ५ |
| १.२. | राजस्व सुधार योजनाको औचित्य | ६ |
| १.३. | उद्देश्य | ७ |
| १.४. | विधि तथा प्रक्रिया | ८ |
| १.५. | सीमा | १० |
| २. | **परिच्छेद - दुई : गाउँपालिकाको वस्तुस्थिति** | **१२** |
| २.१. | भौगोलिक अवस्थिति | १२ |
| २.२. | राजनीतिक र प्रशासनिक विभाजन | १२ |
| २.३. | जनसांख्यिक विवरण | १३ |
| २.४. | आर्थिक तथा सामाजिक अवस्था | १३ |
| २.५. | भौतिक पुर्वाधारमा पहुँच | १५ |
| २.६. | मानव संसाधनको अवस्था | १६ |
| ३. | **परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता** | **१८** |
| ३.१. | राजस्व अधिकार | १८ |
| ३.२. | आन्तरिक आय परिचालनको वर्तमान अवस्था | २२ |
| ३.२.१ | कर राजस्व परिचालनको वर्तमान अवस्था | २३ |
| ३.२.२ | गैरकर राजस्व परिचालनको वर्तमान अवस्था | २३ |
| ३.२.३ | सम्भावना तथा चुनौतीहरु | २५ |
| ३.३. | राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | २६ |
| ३.३.१ | कर राजस्व | २६ |
| ३.३.२ | गैरकर राजस्व | २९ |
| ४. | **परिच्छेद - चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** | **३३** |
| ४.१. | राजस्व परिचालन सम्वन्धी नीति | ३३ |
| ४.२. | आय संकलनको संस्थागत क्षमता | ३३ |
| ४.३. | गाउँपालिकाको आन्तरिक आय परिचालन | ३४ |
| ४.४. | राजस्व परिचालनमा रहेका सवालहरु | ३६ |
| ५. | **परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना तर्जुमा** | **३८** |
| ५.१. | कर राजस्व सुधार योजना तर्जुमा | ३८ |
| ५.२. | गैरकर राजस्व सुधार योजना तर्जुमा | ४१ |
| ५.३. | राजस्व प्रशासन सुधार योजना तर्जुमा | ४३ |
| ६. | **परिच्छेद - छ : त्रिवर्षीय राजस्व प्रक्षेपण** | **४६** |
| ६.१. | राजस्व प्रक्षेपणको आधार | ४६ |
| ६.२. | त्रिवर्षीय राजस्व प्रक्षेपण | ४७ |

| | | |
|---|---|---|
| **७** | **परिच्छेद - ७: राजस्व सुधार कार्ययोजना तर्जुमाका अपेक्षित नतिजाहरु** | **५०** |
| **८** | **परिच्छेद - ८: कार्यान्वयन तथा अनुगमन र मुल्यांकन** | **५१** |
| ८.१ | कार्ययोजना कार्यान्वयन | ५१ |
| ८.२ | कार्ययोजनाको अनुगमन तथा मूल्यांकन | ५१ |
| | **अनुसुचीहरु** | ५३ |
| अनुसुची १ सुचना संकलन फाराम | | ५४ |
| अनुसुची २ कार्यशाला गोष्ठीका उपस्थिति तथा फोटोहरु | | ६३ |


# तालिका


| सि.नं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| १ | गाउँपालिकाको जनसाख्यिक विवरण | १३ |
| २ | तहगत राजस्व अधिकार क्षेत्र | १८ |
| ३ | वित्तिय अधिकार क्षेत्र | १९ |
| ४ | राजस्व बाँडफाँडको व्यवस्था | २० |
| ५ | कर राजस्व बाँडफाँडको व्यवस्था | २० |
| ६ | प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड | २१ |
| ७ | राजस्व बाँडफाँडका लागि भएको सिफारिसको आधारहरु | २१ |
| ८ | कर राजस्वको परिचालनको अवस्था | २३ |
| ९ | गैरकर राजस्वको परिचालनको अवस्था | २४ |
| १० | गाउँपालिकाको वस्तुस्थिति विवरण | २५ |
| ११ | सम्पत्तिको वर्गिकरण तथा प्रस्तावित करको दर | २७ |
| १२ | बनावट अनुसार घरहरुको संख्या | २७ |
| १३ | भुमिकर (मालपोत) | ३० |
| १४ | राजस्व परामर्श समितिको संरचना | ३४ |
| १५ | आन्तरिक आयको विवरण | ३५ |
| १६ | कर राजस्व सुधार कार्ययोजना | ४० |
| १७ | गैरकर राजस्व सुधार कार्ययोजना | ४२ |
| १८ | राजस्व प्रशासन सुधार कार्ययोजना | ४४ |
| १९ | राजस्व प्रक्षेपणका आधारहरु | ४६ |
| २० | त्रिवर्षीय राजस्व प्रक्षेपण (आन्तरिक श्रोत) | ४८ |
| २१ | त्रिवर्षीय राजस्व प्रक्षेपण (बाह्य श्रोत) | ४९ |
| २२ | त्रिवर्षीय राजस्व प्रक्षेपण (आन्तरिक र बाह्य श्रोत) | ४९ |

# परिच्छेद - एक :
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले राज्य शक्तिको वांडफांड र प्रयोग सम्वन्धी व्यवस्था अन्तर्गत संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहबाट अनुसूचीमा तोकिए बमोजिम एकल, साझा र अवशिष्ट अधिकारको प्रयोग कानून बमोजिम सम्पादन हुने कार्यजिम्मेवारी निर्धारण गरेको छ। संविधानतः तीनै तहको सरकारलाई बिभिन्न कर तथा गैरकर राजस्व अधिकार पनि व्यवस्था गरिएको छ। प्रचिलत कानून अनुसार ठूला तथा दिगो कर तथा गैरकर राजस्व अधिकार संघ सरकार मातहत राखेको छ। संघीय सरकारले संकलन गर्ने कर तथा गैरकर राजस्वलाई प्रदेश तथा स्थानीय तहलाई बित्तीय समानिकरण, सशर्त, समपूरक, बिशेष अनुदान, राजस्व वांडफांड शिर्षकमा उपलव्ध गराउने व्यवस्था गरिएको छ। स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पूरा गर्न संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान, राजस्व वांडफांड र अन्य कार्यक्रमगत श्रोत प्राप्त गर्न सक्ने व्यबस्था गरेको छ। संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा तहगत सरकारबीच राज्यको राजस्व अधिकार समेत बाँडफाँड गरिएको हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैरकरहरु लगाउने र उठाउने गरी राजस्व अधिकार संबैधानिक रुपमै प्रदान गरिएको छ। यस बाहेक स्थानीय तहले संविधान र संघीय कानुन बमोजिम नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने र निजी तथा सहकारी क्षेत्रमा रहेको श्रोत समेत परिचालन गर्न सक्ने व्यबस्था गरिएको छ।

परिवर्तित सन्दर्भमा स्थानीय सरकारहरु जनचाहना बमोजिम नागरिकहरुको आधारभूत सेवा तथा विकासको चाहना पूरा गर्न आवश्यक पर्ने श्रोत साधनको व्यवस्था गर्न ठूलो दवावमा रहेको अवस्था छ भने उनीहरुको आन्तरिक राजस्व परिचालन क्षमता र सामर्थ्यता अत्यन्त कमजोर देखिन्छ। नगरपालिकाहरुको कूल राजस्व परिचालनमा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त तथा निशर्त अनुदानमाथीको निर्भरता अत्याधिक देखिन्छ भने आन्तरिक राजस्वको योगदान १० देखि १५ प्रतिशतको वीचमा रहेको अवस्था रहेको छ। यस परिवेसमा श्रोत परिचालनमा आत्मनिर्भरताको अवस्था बनाउन स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा व्यापक सुधार गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ। यसका लागि स्थानीय तहको राजस्व अधिकारको पृष्ठभूमिमा हालको अभ्यास, चुनौति र सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि **राजस्व सुधार कार्ययोजना** को खाँचो छ।

यसै तथ्यलाई मध्यनजर गरी हरिनास गाउँपालिकाको पहलमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसंगको सहकार्यमा यो **राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan- RIAP)** तर्जुमा गरिएको छ। आगामी ३ वर्षका लागि तर्जुमा गरिएको यो कार्ययोजना तर्जुमाको क्रममा सन्दर्भ सामाग्रीहरुको बिस्तृत अध्ययन, गाउँपालिकाका पदाधिकारी तथा सम्वन्धित सरोकार पक्षहरुसंग व्यापक छलफल, अन्तरकिया र अन्तरक्रिया गरिएको छ। उपरोक्त पद्धति अनुसार गरिएको छलफल, कार्यशाला गोष्ठी, अन्तरक्रियाको क्रममा प्राप्त सुझाव तथा प्रतिक्रिया समेतलाई आधार बनाई हरिनास गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रतिवेदन तयार

गरिएको छ। कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको वित्तीय नीति कार्यक्रम, लक्ष्य, उद्देश्यलाई समेत सन्दर्भ सामाग्रीको रुपमा उपयोग गरिएको छ।

समग्र वित्तीय तथा राजस्व अवस्था सम्बन्धमा प्राप्त सूचना तथा तथ्यांकहरुको वस्तुनिष्ट अध्ययन, विश्लेषणको आधारमा गाउँपालिकाको राजस्व क्षेत्रका लागि लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम सहित तयार गरिएको त्रिवर्षीय राजस्व सुधार कार्ययोजना (२०८०/८१-२०८२/८३) गाउँपालिकाको आन्तरिक राजस्व अभिबृद्धिका लागि एक महत्वपूर्ण र मार्गदर्शक दस्तावेज हुने बिश्वास गरिएको छ। हरिनास गाउँपालिकाले यसलाई क्रमशः कार्यान्वयनमा ल्याउने प्रतिवद्धता समेत जाहेर भएको छ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

राजस्व सुधार योजनाको औचित्य देहाय वमोजिम छन् :

**क) वढ्दो जनआकांक्षालाई सम्वोधन र परिपूर्ति गर्ने** :

स्थानीय तहका सरकार तथा जनप्रतिनिधिहरुलाई एकातिर चुनावमा गरिएका प्रतिवद्धताहरु पुरा गर्नुपर्ने छ भने अर्कोतर्फ नागरिकमा वढ्दो आवश्यकता, इच्छा र आकांक्षाहरुलाई सम्वोधन गर्नुपर्ने वाध्यता छ। बढ्दो शहरीकरण तथा न्यून भौतिक एवं सामाजिक पूर्वाधारहरुको उपलब्धताका कारण जनजीवन असहज एवं कष्टपूर्ण रहेको सन्दर्भमा जनचाहना अभिवृद्धि हुनु स्वभाविकै मान्न पनि सकिन्छ। साथै आर्थिक सामाजिक विकास , गरिवी न्यूनीकरण, स्वास्थ्य, शिक्षाको सहज पहुँच, पछ्यौटेपन एवं स्थानीय साधन श्रोतहरुको व्यवसायीकरणका लागि पनि जनप्रतिनिधिहरुमा ठूलो दवाव सिर्जना भएको छ। जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह भएकाले पनि जनताको विश्वास, भरोसा यसप्रति अधिक छ साथै संविधानत स्थानीय तहलाई जिम्मेवार पनि बनाएकोछ। तापनि विद्यमान अवस्थामा सीमित श्रोत साधनवाट उपरोक्त जनचाहनाहरु सहजै पूरा गर्न सक्ने सामर्थता स्थानीय तहसंग सीमित छ र जनताका अधिक अपेक्षाहरु पूरा गर्न दिगो र भरपर्दो राजस्व श्रोतको पहिचान तथा परिचालन अपरिहार्य छ।

**ख) संवैधानिक एवं कानूनी अधिकारको उपयोग गर्ने** :

नेपालको राज्य संरचना मुलत तीन तहको हुने व्यवस्था गरिएको छ र सोही अनुसार राज्यशक्तिको पनि वाँडफाँड गरिएको छ। राज्यशक्ति उपयोगका लागि तीनै तहका सरकारहरु आफैमा आर्थिक प्राविधिक सवै पक्षहरुमा मजवुत, सक्षम र सवल हुनुपर्ने व्यवस्था नेपालको संविधान २०७२ ले गरेको छ। परम्परागत ढंगवाट परिचालित हुँदै आएका स्थानीय तहमा व्यापक परिवर्तनको खाँचो छ र क्रमिक रुपमा चुस्त प्रभावकारी र सवल स्थानीय सरकारको रुपमा विकास हुनुपर्ने भएको छ। संघ र प्रदेशवाट निकासा हुने अनुदानको आधारमा वार्षिक वजेट तर्जुमा र नीति कार्यक्रम सञ्चालन हुँदै आएका स्थानीय तहहरुले अवउप्रान्त सोको विपरित खर्चमा आधारित वजेट, श्रोतहरुको पहिचान र परिचालन गर्नुपर्ने भएको छ। यसै सिलसिलामा नेपालको संविधान २०७२, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन २०७४ वाट स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु निर्धारण र त्यसको उपयोगको व्यवस्था गरिएको छ। सोहीमा आधारित भई स्थानीय तहले राजस्व परिचालन गर्नुपर्ने हुन्छ।

**ग) स्थानीय साधन श्रोतवाट राजस्व अभिवृद्धि गर्ने** :

विकास निर्माणमा तिव्रता र स्थानीय सरकारको प्रभावकारीताका लागि राजस्व अभिवृद्धि गर्नुपर्ने अपरिहार्य छ। यससंग जनआकांक्षा र विकास निर्माण समेत जोडिएकोले राजस्व अभिवृद्धि एक अनिवार्य शर्त जस्तै छ। स्थानीय तह आफै सरकार भएकाले स्थानीय तहवाट प्रवाह गर्नु पर्ने सेवा प्रभाकारीरुपमा परिचालनका

लागि पनि राजस्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता अरु जरुरी छ। नेपालको संविधान र कानूनहरुले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र निर्दिष्ट गरिदिएकाले सोही परिधिभित्र रही दिगो रुपमा राजस्व संकलन र परिचालनका क्षेत्रहरु पहिचान ( प्रत्येक्ष कर र गैर कर) गर्नुपर्ने अभिभारा पनि स्थानीय तहकै छ। यस सन्दर्भमा राजस्व संकलनका लागि सम्पत्तीकर, घरजग्गा कर, वहाल कर, व्यवसाय कर, सेवा शुल्क, पर्यटन शुल्क, दण्ड जरिवना आदिको व्यवस्था कानूनमा गरिएको छ। यसका अलवा राजस्व अभिवृद्धि तथा पूँजी निर्माण हुन सक्ने क्षेत्रहरु पहिचान गर्दै लगानी गरी श्रोतहरुको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्नुपर्ने हुन्छ।

**घ) राजस्व अभिवृद्धिका रणनीतिक कार्यक्रम तर्जुमा तथा आय प्रक्षेपण हुने** :
स्थानीय तहको राजस्व संकलन, प्रशासनिक संयन्त्र, राजस्वका श्रोतहरुको विद्यमान अवस्था विश्लेषण गरी राजस्व अभिवृद्धिका लागि मध्यकालीन रणनीति, वार्षिक कार्यक्रम एवं सोका आधारमा आगामी वर्षहरुमा हुने आयको प्रक्षेपण समेत गरिने भएकाले एक निश्चित अवधि भित्र आर्जन हुन सक्ने राजस्वको विस्तृत खाका तयार हुनेछ। यसका लागि स्थानीय तहका जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, पालिकाका पदाधिकारीहरु एवं सरोकारवालाहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा तयार हुने भएकोले स्थानीयहरुकै आफ्नै अपनत्व सिर्जना गरी र कार्यपालिकाको नेतृत्वमा तयारी कार्ययोजनालाई कार्यान्वयन ल्याउनेछ।

## १.३ उद्देश्य

हरिनास गाउँपालिकाको वस्तुगत अवस्थाका आधारमा विद्यमान आन्तरिक आयको समीक्षा गर्दै राजस्व अभिवृद्धिका लागि दिगो र भरपर्दो स्रोतहरु पहिचान, विश्लेषण र राजस्व प्रशासनलाई प्रभावकारी वनाउन सम्भावना सहित वित्तीय नीति तथा कार्यसुधार योजना तर्जुमा गर्नु यस राजस्व सुधार कार्ययोजनाको मुख्य उद्देश्य रहेको छ। यसका साथै राजस्व सुधार कार्ययोजना तर्जुमाका अन्य मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन्।

क) राजस्व सुधारका सम्वन्धमा नेपाल संविधान एवं विभिन्न ऐन, नियमहरुमा व्यवस्था गरिएका वित्तीय अधिकार, कार्यक्षेत्र एवं राजस्व सुधारको आवश्यकता र महत्वका वारेमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा राजस्व प्रशासनमा सम्लग्न कर्मचारीहरु तथा सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने।

ख) गाउँपालिकाको विद्यमान राजस्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजस्व सङ्कलन, संगठनात्मक संरचना, आय श्रोतहरुको सम्भावना र यथार्थ सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गर्ने।

ग) गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी राजस्व सुधारका उपायहरु सहितको श्रोतहरुको अवस्था विश्लेषण गरी आगामी तीन वर्षका लागि आय प्रक्षेपण गर्ने।

घ) आन्तरिक श्रोत बृद्धिका लागि गाउँपालिकाको राजस्व प्रशासन प्रभावकारी बनाउनन वित्तीय रणनीति एवं कार्यक्रमहरु तर्जुमा गर्ने।

## १.४ विधि तथा प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि विभिन्न विधि र प्रक्रियाहरु अवलम्वन गरिएको थियो। अध्ययनका क्रममा अवलम्बन गरिएका विधि र चरणहरु निम्नानुसार रहेका छन्।

**क) पहिलो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन**

अध्ययन कार्यको पहिलो चरणमा स्थानीय तहको वित्तीय क्षेत्रसंग सम्वन्धित सन्दर्भ सामाग्रीहरुको संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा संकलित एवं अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरुमा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४, गाँउपालिकाको वस्तुगत विवरण (पार्श्वचित्र), गाँउपाालिकाको नीति कार्यक्रम तथा बजेट, गाँउपालिकाको आर्थिक ऐन, परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरुले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, एवं नमूना ऐन कानुनहरु, प्रदेश वित्त व्यवस्थापन ऐन २०७४, प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७४, प्रदेशको ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ सङ्कलन उत्खनन कार्यविधि २०७५, गण्डकी प्रदेशको प्रथप पंचवर्षिय योजना र गाउँपालिकाको आ.व. २०७९।८० को वार्षिक नीति, योजना,कार्यक्रम तथा बजेट र हरिनास गाँउपालिकाको आर्थिक ऐन २०७९ रहेका  छन् ।

**ख) दोश्रो चरण : प्रश्नावली तथा फारम  तयारी**

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक एवं दोश्रो तहवाट सूचना तथा तथ्याङ्क संकलनका लागि आवश्यक फारम तथा प्रश्नावलीहरु तयारी गरिएको थियो । फारममा करदाता, सरोकारवाला एवं गाउँपालिकाको राजस्वसंग सम्वन्धित विविध पक्षहरु समेटिएको छ । यसरी तयार पारिएको फारमको नमूना यसै प्रतिवेदनको अनुसूचीमा उल्लेख गरिएको छ ।

**ग) तेश्रो चरण : अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला**

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा मिति २०७९।१२।१९ गते गाउँपालिकामा एक दिने अभिमुखीकरण तथा कार्यशाला कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, गाउँपालिकाका पदाधिकारी एवं सदस्यहरु, राजस्व परामर्श समितिका सदस्य लगायत शाखा प्रमुखहरु एवं अन्य कर्मचारीहरुको सहभागितामा रहेको थियो । कार्यक्रममा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी विधि, प्रक्रिया, गाउँपालिकाको राजस्वको दररेट, शुल्क, दस्तुरका वारेमा प्रस्तुति भएको थियो भने स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु, पालिकाले अभ्यासमा ल्याएका राजस्वहरु एवं राजस्व प्रशासन सम्वन्धी विषयमा पनि प्रस्तुतीकरण भई व्यापक छलफल भएको थियो । यसरी आयोजित कार्यशाला गोष्ठी विशेष गरी निम्न चार क्षेत्रमा केन्द्रीत रहेको थियो ।

१. राजस्वका शिर्षकगत दररेट दायरा तथा प्रक्षेपण
२. कर राजस्व सुधार योजना
३. गैरकर राजस्व सुधार योजना
४. राजस्व प्रशासन सम्बन्धी कानूनी तथा नीति व्यवस्था, आय अभिलेखीकरण, संकलन, संगठनात्मक संरचना, समन्वय  र क्षमता विकास

१ राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण

२ योजना तर्जुमाको कार्यदल गठन

३ योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीहरुको संकलन तथा अध्ययन

४ प्रारम्भिक कार्यशालाको आयोजना

५ सूचना तथा तथ्यांक संकलन एवम् विश्लेषण

६ राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)

७ योजनाको मस्यौदा तयारी

८ राजस्व संभावना विश्लेषण र राजस्व प्रक्षेपण

९ मस्यौदाको पुनरावलोकन र सुझाव संकलन

१० अन्तिम मस्यौदा तयारी

११ कार्यपालिकाबाट स्वीकृति

## घ) चौथौ चरण : सूचना संकलन तथा विश्लेषण

अध्ययनका लागि गाउँपालिकाका सम्वन्धित शाखाहरु, सरोकारवाला पक्षहरुसँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक सूचनाहरु संकलन गरिएको थियो । यसका साथसाथै गाउँपालिकाका प्रकाशनहरु वार्षिक वजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐन, राजस्व सम्वन्धी कानूनहरु, प्रगति विवरण लगायतका अध्ययन प्रतिवेदनहरुवाट तथ्यांक संकलन भएको थियो । तथ्यांकहरु मूलत निम्न क्षेत्रमा केन्द्रीत भई संकलन भएको थियो ।

१. राजस्व प्रशासनको वर्तमान अवस्था र व्यवस्थापन
२. राजस्व परिचालनका लागि अवलम्वन गरिएका नीतिगत व्यवस्थाहरु
३. विगत वर्षहरुमा संकलन भएको राजस्व सम्वन्धी यथार्थ विवरणहरु
४. राजस्व संकलन हुनसक्ने सम्भावित नयाँ क्षेत्रहरु

## ङ) पाँचौ चरण : राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

कार्ययोजना तर्जुमा कार्यशालावाट प्राप्त मस्यौदालाई थप छलफल, सुझावका आधारमा परिष्कृत गदै आवश्यक परिमार्जन गरिएको थियो। त्यसैगरी विगत वर्षहरुको यथार्थ आय विवरणका आधारमा आगामी ३ वर्षका लागि आन्तरिक रावश्व प्रक्षेपण गरिएको थियो । प्रक्षेपणको क्रममा राजस्व सम्भाव्यताका आधारमा नयाँ क्षेत्रहरुको समेत राजस्व प्रक्षेपण भएको थियो। प्रक्षेपण गर्दा मुलत विद्यमान अवस्थामा कर तथा शुल्कका दरहरु , प्राप्त भएको राजस्व, दायरा विस्तारको अवस्था सम्भावना, विगतमा भएको राजस्व वृद्धिदर एवं अनुमानलाई  आधार मानिएको थियो।

## च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी

राजस्वको विद्यमान अवस्था, सम्भावनाहरुको विश्लेषण, राजस्व सुधारका क्षेत्रहरुको पहिचान गर्दै राजस्व अभिवृद्धिका क्रियाकलापहरु सहित कार्यान्वयनका लागि कार्ययोजना सहितको मस्यौदा प्रतिवेदन लेखन कार्य भएको थियो। मस्यौदा प्रतिवेदनमा प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई तथ्याङ्कीय औजारहरु तथा

विधि तथा सूत्रहरुको प्रयोग गरी विश्लेषण गरी तयार पारिएको थियो । विश्लेषण भएका तथ्यहरुलाई तालिका, ग्राफचित्र जस्ता विधिहरुबाट प्रस्तुत गर्दै राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार पार्दै गाउँपालिका समक्ष पेश गरिएको थियो ।

**छ) अन्तिम प्रतिवेदन तयारी**

मस्यौदा प्रतिवेदन वारे हरिनास गाउँपालिका एवं सरोकारवाला सम्वन्धित सवै पक्षहरुको सुझावहरु संकलन, मस्यौदा प्रतिवेदनमा छुटेका पक्षहरु थप्दै, तथ्यांकीय कमि कमजोरीहरु सच्याउदै प्रतिवेदनलाई आवश्यक परिमार्जन तथा स्तरियकरण गरी राजस्व सुधार कार्ययोजना तर्जुमाको अन्तिम प्रतिवेदन तयार पारिएको थियो ।

**ज) अन्तिम प्रतिवेदनको ढाँचा**

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन विभिन्न ८ परिच्छेदमा विभाजन गरिएको छ । जस अनुसार परिच्छेद १ मा परिचय रहेको छ । यसमा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा अवलम्वन गरिएका विधि, प्रक्रिया, उद्देश्य एवं राजस्व सुधार कार्ययोजनाको औचित्य वारे उल्लेख गरिएको छ भने परिच्छेद २ मा गाउँपालिकाको वस्तुस्थिति संक्षिप्त रुपमा खासगरी गाउँपालिकाको भौगोलिक अवस्थिति, सामाजिक आर्थिक अवस्था, राजस्व परिचालनका सन्दर्भमा राजस्वको सम्भावना, संगठनात्मक संरचना, जनशक्तिको व्यवस्था, र गाउँपालिकाको भौतिक सम्पत्तिको वारेमा उल्लेख भएको छ । त्यसैगरी परिच्छेद ३ मा स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यताको व्यवस्था वारे उल्लेख भएको छ र परिच्छेद ४ मा आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्थाबारे उल्लेख भएको छ । परिच्छेद ५ मा राजस्व सुधार कार्ययोजनाको बारेमा उल्लेख गरिएको छ । परिच्छेद ६ मा तीन वर्षको आय प्रक्षेपण उल्लेख गरिएको छ । परिच्छेद ७ मा अपेक्षित नतिजा र परिच्छेद ८ मा अनुगमन र मुल्याकंन सम्बन्धी विषयवस्तुलाई उल्लेख गरिएको छ । उपरोक्त पक्षहरुका साथसाथै अनुसूचीहरुमा खासगरी सूचना संकलन गर्दाका खाकाहरु उल्लेख गरिएको छ ।

## १.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरु :

स्थानीयतहको राजस्व सुधार कार्ययोजना एक महत्वपूर्ण कार्य भएकाले यसको क्षेत्र व्यापक भएता पनि आधिकारीक, यथेष्ठ सुचना तथा तथ्याङ्कहरुको अभाव, सीमित श्रोत साधन, विगतका वर्षहरूका करदाता/सूचनाहरुको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका छन् :

क) प्रतिवेदन मूलत कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्धितीय श्रोतहरूबाट प्राप्त तथ्यांक तथा सूचनाहरूको आधारमा तयार पारिएको छ ।

ख) गाउँपालिकाको आन्तरिक आय तथा श्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्यांक संकलन फारम अनुसार प्राप्त तथ्यांकहरु विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।


ग) गाउँपालिकामा भएको अभिलेख एवं छलफलबाट प्राप्त सूचनाको आधारमा आय श्रोतहरुको पहिचान तथा सम्भाव्यता अभ्ययन भएको छ । गाउँपालिकाको विगतका आर्थिक वर्षहरुमा भएको यथार्थ आय विवरण, आय वृद्धि, कर तथा गैरकर राजस्व वृद्धिदर, अनुमानका आधारमा राजस्व प्रक्षेपण गरिएको छ ।

घ) गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, सेवामा हुने वृद्धि र नागरीक सन्तुष्टिमा हुने वृद्धि आदि पक्षहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि त्यस्ता पक्षहरुसंग सम्वन्ध

राख्नेहरुको तथ्यांकहरू उपलब्ध नभएका विषयहरुका लागि प्रोक्सी तथ्याङ्कलाई पनि आधार मानेर प्रक्षेपणमा समावेश गरिएको छ ।

ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद - दुई :
# गाउँपालिकाको संक्षिप्त परिचय




हरिनास गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लामा अवस्थित छ । साविकका गाविसहरु मग्याम चिसापानी, चित्रेभन्ज्याङ, चिन्नेवास (७, ८, ९), क्याक्मी र किचनास (६, ८, ९) गाविस गाभेरे नेपाल सरकार मन्त्री परिषद्को मिति २०७३।११।२७ गतेको निर्णय अनुसार हरिनास गाउँपालिकाको निमार्ण भएको हो । प्रदेशको राजधानी पोखरा देखि २ घण्टा ३० मिनेटको दुरीमा रहेको छ । यसै गरि गण्डकी प्रदेशको राजधानी पोखरा देखि केन्द्रीय राजधानी जोड्ने पृथ्वी राजमार्ग पोखरा काठमाण्डौ खण्डको तनहुँ जिल्लाको खैरेनीटारवाट करिव २४ कि.मी. को दुरीमा हरिनास गाउँपालिका रहेको छ ।

## २.१ भौगोलिक अवस्थिति

यस गाउँपालिका विश्व मानचित्रमा भौगोलिक अवस्थिती ८३° ४९ १९" पूर्वी देशान्तर२८°१० ४९" उत्तरी अक्षांश फैलिएको छ । यो गाउँपालिकालाई ७ वटा वडामा विभाजन गरिएको छ भने यसको केन्द्र साविक चित्रेभन्ज्याङ गाविस (हालको वडा नं. ४) मा रहेको छ ।  यस गाउँपालिकाको पूर्वमा भिमाद नगरपालिका, पश्चिममा विरुवा गाउँपालिका र चापाकोट नगरपालिका, उत्तरमा शुक्लागण्डकी नगरपालिका तथा दक्षिणमा चापाकोट नगरपालिका र भिमाद नगरपालिकाका सीमाना रहेका छन् । यो गाउँपालिकालाई ७ वडामा विभाजन गरिएको छ भने यसको केन्द्र साविक चित्रेभन्ज्याङ गाविस    (हालको वडा न ४) मा रहेको छ । हरिनास गाउँपालिकाको कूल क्षेत्रफल ८७.४८ वर्ग कि.मि. रहेको छ । यस गाउँपालिकाको करिव ६२.३१ प्रतिशत भु-भाग खेतियोग्य जमिनले ओगटेको छ । त्यस्तै गरी करिब २२.०६ प्रतिशत भु भाग जंगलले वगटेको छ भने करिब ७.७४ प्रतिशत भु भाग घाँसेमैदानले ओगटेका छन् ।

## २.२ राजनीतिक र प्रशासनिक विभाजन

नेपालको राजैतिक तथा प्रशासनिकरुपमा महत्वपूर्ण भुमिकामा रहेको  गण्डकी  प्रदेश अन्तर्गत अवस्थित यस गाउँपालिका स्याङजा जिल्लाको  दुईवटा निवार्चन क्षेत्र मध्ये निर्वाचन क्षेत्र नं १ मा पर्दछ साथै प्रदेश निर्वाचन क्षेत्र क ख अर्न्तगत यस गाउँपालिका पर्दछ ।

## २.३ जनसांख्यिक विवरण

हरिनास गाउँपालिकाको जनसंख्या राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार जम्मा जनसंख्या १३,१९१ रहेको छ । जसमा पुरुषको जनसंख्या ६०१८ र महिलाको जनसंख्या ७१७३ रहेको छ । र यसैगरी गाउँपालिका क्षेत्रमा घरधुरी संख्या ३५८२ रहेको छ ।

**तालिका नम्बर १ : जनसंख्या विवरण**

| वडा नं. | घरधुरी संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ४७७ | ७३९ | ८९८ | १६३७ |
| २ | ३८८ | ६७३ | ८६२ | १५३५ |
| ३ | ४५६ | ८०५ | ९१७ | १७२२ |
| ४ | ७१६ | ११२३ | १३९४ | २५१७ |
| ५ | ३६७ | ६६५ | ७३१ | १३९६ |
| ६ | ६१३ | ९८६ | ११९८ | २१८४ |
| ७ | ५६५ | १०२७ | ११७३ | २२०० |
| **जम्मा** | **३५८२** | **६०१८** | **७१७३** | **१३१९१** |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## २.४ आर्थिक तथा सामाजिक अवस्था

यस हरिनास गाउँपालिकाको प्रमुख आर्थिक आधार कृषि नै हो। गाउँपालिकामा सामान्य व्यवसायिक क्रियाकलाप भएता पनि औधोगिक प्रतिष्ठानहरुको स्थापना भएर गाउँपालिकाकै अर्थतन्त्रलाई टेवा पुऱ्याउन सकेको देखिंदैन । आन्तरिक रोजगारीको न्यून अवसर भएका कारणले गाउँपालिकाबाट ठूलो संख्यामा युवाहरु बैदेशिक रोजगारीको लागि विदेश गएको र उनीहरुले पठाउने विप्रेषणले पनि हरिनास गाउँपालिकाको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ यहाँ विविध स्थानीय जात जातीहरुको रहन सहन, भेषभुषा तथा चाड पर्व र संकृति सहित मिश्रित सामाजिक तथा आर्थिक परिवेश छ ।

### क) आर्थिक अवस्था :

मुलत : यस गाउँपालिकाको मुख्य पेशा कृषि पेशा भएकाले **हरिनास गाउँपालिकाको आवश्यकता , कृषि क्षेत्रमा आत्मनिर्भता** को नारा सहित कृषि लाई प्राथमिकता दिएको छ । एक घर एक वहु पोषणयुक्त करेसावारी कार्यक्रम गर्ने निति अवलम्वन, गाउँपालिकाका बहुसंख्यक घरधुरी जीवनयापनको लागि कृषिमा निर्भर छन् । यस गाउँपालिकामा धेरै थरीका अन्नबाली जस्तै धान, मकै, गहुँ, सुन्तला, कोदो, अदुवा, केराउ, बेसार, कुरिलो, आलु यहाँका मुख्य उत्पादन र सम्भावना हुन् । गाउँपालिकाको केही क्षेत्रमा खेतीपातीको लागि सिंचाइको उपलब्धता रहेको छ । यहाँको मुख्य सिंचाइको स्रोत भनेको कुलो हो । यहाँका सबै जसो वडामा केहि संख्यामा व्यवसायिक रुपमा पशुपालन गरेको भन्दा पनि निर्भाहमुखी पाइन्छ । मुख्य रुपमा कुखुरापालन (पोल्ट्री व्यवसाय) अगाडि रहको छ । त्यसका साथै यस गाउँपालिकामा बाख्रा, बंगुर, गाई, भैंसी, माछा पालन गरेको पाइन्छ । जस अनुसार यहाँ कृषि पशुपालनमा ८६.५%, ज्याला मजदुरी २.१% , जागिर ८.३%,उद्योग धन्दा ०.१ % तथा ब्यापार २.९ % छन् । वैदेशिक रोजगारमा जाने, सरकारी र प्राइभेट नोकरीका साथै ज्याला मजदुरी गर्ने यहाँको पेसा हो । यस गाउँपालिकाका सवै वडाहरुमा साना ठूला बजार केन्द्रहरु रहेका छन् । स्थानीय आर्थिक विकासका लागि मुल प्रवाहमा नपरेकाहरुलाई समेटिने गरी भेषभुषा, भाँडावर्तन तथा पूर्वाधारका कार्यक्रमहरु संचालन भएका छन् ।

- **पर्यटकीय क्षेत्रः**
  हरिनास गाउँपालिका धर्म र संस्कृतीमा धेरै धनि छ। प्राकृतिक सौन्दर्यका हिसाबले पनि यस गाउँपालिकामा थुप्रै सम्भावना रहेको देखिन्छ। यहाँ विभिन्न किसिमका ऐतिहासिक महन्त्व बोकेका मन्दिरहरु, पार्कहरु, छन् । यस्ता धार्मिक तथा एतिहासिक स्थलको प्रचार प्रसार गरी पर्यटन विकासको माध्यमबाट गाउँपालिका तथा स्थानीयले आय आर्जन गर्न सक्ने सम्भावना देखिन्छ। पर्यटनहरुको आगमन तथा वसोवासका लागि पूर्वाधारहरु बनाउनु आवश्यक देखिन्छ। पर्यटन प्रवर्द्धनका लागि खैरीकोटमा पर्यटन पूर्वाधार विकास र आहाल डाँडामा पिकिनिक स्पटको निर्माण अन्तिम चरणमा पुगेको छ।

- **उद्योग व्यापार** : यस गाउँपालिकामा हाल सामान्य ब्यापार ब्यवसाय संचालनमा छन्। यहाँ संचालिन ब्यापार ब्यवसायले गाउँपालिकाको आर्थिक क्षेत्रमा ठूलो प्रभाव पार्न सक्ने स्तरमा भएको छैन तर विस्तारै सहरीकरण बढ्दै गई रहेको यस गाउँपालिका उद्योग तथा ब्यापारिक रुपमा विकसित हुदै जाने सम्भावना छ।

- **वित्तीय संस्था** : यस गाउँपालिकामा वित्तीय कारोवार गर्नका लागि विभिन्न संस्थाहरु छन्। सामान्यतया सहर बजारमा बैंकहरुले बित्तिय सेवा प्रदान गरीरहेका छन् भने ग्रामिण भेगमा सहकारी तथा लघुबित्त संस्थाहरुले बित्तिय सेवा प्रदान गरिरहेका छन्। यस गाउँपालिकामा राष्ट्रिय स्तरका वाणिज्य बैंक १ वटा, लघुवित्त १ र सहकारी ९ वटा गरी कुल ११ वटा वित्तीय सेवा प्रदान गर्ने संस्थाहरु रहेका छन्।

ख) **सामाजिक अवस्था** : यस गाउँपालिकामा विविध सामाजिक परिवेषले भरिपुर्ण छ। यहाँ विभिन्न किसिमका जात जाती, कला संस्कृति छन् भने आभारभुत शिक्षा देखि उच्च माध्यामिक सम्म शिक्षा प्रदान गर्ने गरी यहाँ विद्यालय ब्यवस्थापन गरिएको छ। आभारभूत स्वास्थ्य स्वास्थ्य चौकी सवै वडामा नपुगे पनि अस्थाई स्वास्थ्य चौकीवाट सेवा प्रदान गरिएको छ। सवै वडामा एक घर एक धारा आयोजनाले पानी वितरण भएता पनि केहि वस्तीमा अझै पाइपमा पानी घरघरमा पुगेको छैन खानेपानी ब्यवस्थापन यस गाउँपालिकामा अधिकांश ९१ प्रतिशत सम्म पाईपवाट वितरण गरिएको छ भने वाँकी इनार तथा मुलवाट खानेपानीको उपयोग गरी रहेका छन्। तथा फोहोरमैलाको ब्यवस्थापन का लागि लगभग ८४ प्रतिशत घरधुरीमा सेफ्टी टयाङक छन् भने वाँकी साधारण तथा गोवर ग्यास टयाङकको ब्यवस्था गरेको पाईन्छ।

- **जातजाती** :यस गाउँपालिकामा पहाडी क्षेत्र भएता पनि मिश्रित जाति, जनजातिहरूको बसोबास रहेको छ। यहाँको जातिगत बसोबासको स्थिति हेर्दा सबभन्दा वाहुन क्षेत्री भएता पनि मगर, नेवार, गुरुङ, मुस्लिम तथा तथा अन्य जातिहरू रहेका छन्।
- **कला, संस्कृति** : हरिनास गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरूको मिश्रित बसोबास रहेको छ। तसर्थ उनिहरुको आ-आफ्नै प्रकारका सांस्कृतिक पहिचान रहेका छन्। यहाँ विभिन्न भाषा बोल्ने मानिसहरू रहेका छन्। सबैभन्दा बढी नेपाली भाषा नै बोलिन्छ भने अन्य भाषाहरूमा मगर, नेवार, गुरुङ, आदि रहेका छन्। प्रायः साना केटाकेटीहरूले नेपाली भाषा नै प्रयोग गर्ने गर्दछन। भेषभूषाको रूपमा मगर, नेवार लगायतका जनजातिहरू आफ्नो जात अनुसारको पोशाक लगाउँछन् भने ब्राह्मण क्षेत्री लगायत प्रायः जातिहरू सर्ट, पेन्ट, कोट, सारी, चोलो, ब्लाउज, कुर्ता, सलवार आदि नै लगाउँछन्। चाडपर्वको रूपमा आ-आफ्ना मौलिक चाड पर्वको साथै दशै, तिहार, बुद्ध पूर्णिमा, फागु पूर्णिमा, चैते दशै, हरिबोधनी एकादशी, पुसे पन्ध्र र नयाँ वर्ष आदि मनाउँदछन्।
- **शिक्षा** : यस गाउँपालिका शैक्षिक दृष्टिले अगाडि नै छ। करिव ७८.३ प्रतिशत जनसंख्या साक्षर रहेका छन् । जसमा पुरुष साक्षर ८७.५ प्रतिशत र महिला साक्षर ७०.७ प्रतिशत रहेको छ। विभिन्न क्षेत्रहरूमा

प्राथामिक, निम्न माध्यामिक, माध्यमिक, उच्च माध्यमिक शैक्षिक संस्थाहरू रहेका छन् । यी शैक्षिक संस्था सरकारी, सामुदायिक विद्यालय तथा निजी किसिमका रहेका छन् । यस गाउँपालिकामा शैक्षिक संस्थाहरु जम्मा ३६ वटा छन् ।

- **स्वास्थ्य सेवा :** यस गाउँपालिकाले यहाँका जनताहरु लाई स्वास्थ्य सेवा प्रदान गर्न अस्थाई र स्थायी स्वास्थ्य चौकीवाट सवै वडामा सेवा आधारभुत स्वास्थ्य सेवा प्रवाह गरि रहेको छ, वडा ३ चिसापानीमा १५ शैयाको अस्पताल निर्माणाधीन छ । टोल टोलमा गएर स्वाथ्य जाँच गराउने नीति अवलम्वन , स्वास्थ्य चौकीमा एक्सरे, एस सी टी सुविधा नभएता पनि ल्याब सेवा उपलब्ध छ भने चित्रे स्वास्थ्य चौकीमा प्रसुति सेवा उपलब्ध छैन् । त्यसै गरी, उपकरणहरुका अभावमा जटिल प्रकारका विरामीहरुलाई जिल्ला सदरमुकाम वा अन्य जिल्लासम्म पनि पुऱ्याउनु पर्ने वाध्यता रहेको छ । यसका अलवा स्वास्थ्य संस्थाहरुले खानेपानी, शौचालय, तारबार, प्रयोगशाला, तथा एम्बुलेन्स सेवाको अभाव जस्ता कैयौं समस्या झेल्नु परेको छ ।
- **खानेपानी सेवा :** गाउँपालिकाले खानेपानी सेवा प्रवाहका लागि एक घर एक धारा आभियान संचालन गरेको छ सोहि अनुरुप सवै वडामा धारा जडान भई रहेको छ हाल सम्म गाउँपालिकामा अधिकांश ९१ प्रतिशत घरधुरीसम्म खानेपानी पाईपवाट वितरण गरिएको छ भने वाँकी इनार तथा मुलवाट खानेपानीको उपयोग गरी रहेका छन् ।
- **खाना पकाउने इन्धन** : गाउँपालिकामा ८४.१ प्रतिशत घरपरिवार दाउरावाट खाना पकाउने मुख्य इन्धनको रुपमा उपयोग गर्ने गर्दछन् भने वाँकी एल पी ग्यास, बायो ग्यास र विजुलीको प्रयोग गरेको पाईन्छ ।
- **शौचालय** : गाउँपालिका क्षेत्रमा सरसफाई तथा फोहोरमैला ब्यवस्थापन विभिन्न किसिमले गरेको छ । शौचालयको प्रयोगको अवस्थालाई हेर्दा ३.४२ प्रतिशत सौचालय नभएका, ८.९६ प्रतिशत साधारण सौचालय भएका, ८३.४७ प्रतिशत र गोवर ग्यास सहित ४.१८ प्रतिशत घरपरिवार रहेका छन ।
- **वसाईसराई :** यस हरिनास गाउँपालिकामा वसाईसराईको प्रभाव त्यतिमात्रामा नभएता पनि यहाँ आउने भन्दा वाहिर जानेको संख्या बढि मात्रामा भएको पाईन्छ । यस गाउँपालिकाको राष्ट्रिय जनगणना २०६८ को तुलनामा २०७८ को जनगणना अनुसार जनसंख्या घट्नु वसाई सराईको कारण भन्न सकिन्छ । ।

## २.५ भौतिक पूर्वाधारमा पहुँच :

- **सडक यातायात** तथा **संचार सेवा :**

हरिनास गाउँपालिकामा करिब २८५ कि.मि सडक रहेको छ । हाल गाउँपालिकाको वडा न १ को पुष्प गाउँ, बरकुमारी टोल र ठाडा गाउँ बाहेक लगभग सबै टोल बस्तिमा सडक पुगेको छ । हाल भएका सडकहरु अधिकांस धुले छन् भने केहि राष्ट्रिय राजमार्गमा पर्ने सडक कालोपत्रे गरिएको छ । त्यस्तै गरि कतिपय भित्री सडकहरु ग्रावेल गरिएका छन् । हाल गाउँपालिकामा ३ बटा मोटरेबल र ५ वटा झोलुङ्गे पुलहरु रहेका छन् । त्यस्तै गरी कतिपय खोलाहरुमा पुल तथा कल्भर्टको अभावमा आवागमनमा अबरोध पुगिरहेको छ । गाउँपालिकामा व्यवस्थित वसपार्क बनिसकेको छैन । यसै गरी सञ्चारका साधनको रूपमा रेडियो, टि.भी., केवुल, इन्टरनेट, टेलिफोन, फ्याक्स आदि रहेको छन ।

- **विद्युत सेवा :**

यस गाउँपालिकाको लगभग सबै स्थानमा ९९.०१ प्रतिशत ( राष्ट्रिय जनगणना २०७८) बिधुत सेवा पुगिसकेको छ ।

## २.६ गाउँपालिकाको मानव संसाधनको अवस्था

### क) संगठनात्मक व्यवस्था :

यस गाउँपालिकाको संगठन संरचना गाँउसभा, विभिन्न समिति, ९ वटा शाखा रहेका छन् । साथै सेवाप्रवाहका लागि ७ वटा वडा कार्यालयहरु, सेवाकेन्द्र र सेवाप्रवाह ईकाईहरु, विद्यालय, समिति आदि रहेका छन् । यस गाउँपालिकामा रा.प.तृतिय श्रेणी स्तरको प्रमुख प्रशासकिय अधिकृतको नेतृत्वमा प्राविधिक तथा अप्राविधिक गरी स्वाथ्य तथा नगर प्रहरी लगायत कार्यरत कर्मचारी ८१ जना छन् ।

कार्यपालिकामा प्रशासन तथा योजना, स्वास्थ्य, प्राविधिक, शिक्षा, सूचना प्रविधि, आर्थिक प्रशासन, महिला विबास, कृषि, पशुसेवा, गरी ९ वटा विषयगत शाखा रहेका छन । यसैगरी ७ वटा वडा कार्यालयहरुबाट संवैधानिक अधिकारक्षेत्र भित्रका र कार्यपालिकाबाट प्रत्यायोजित कार्यहरु सम्पादन भइआएका छन । हाल कायम प्रत्येक शाखा र अन्तर्गतका उपशाखा वा एकाइहरुको छुट्टा छुट्टै कार्यबोझको अध्ययन भएको छ ।

### ख) राजस्व प्रशासन संचालन अवस्था :

करदाताहरुलाई करका संवन्धमा सुसूचित गराउने संयन्त्र विकास गरिएको छैन । करदाताहरुको विवरण कम्प्युटर सफ्टवेयरमा अभिलेख राखिएको छ । तापनि कर तिनुपर्ने कर रकम वारे जानकारी गराउने अभ्यास गाउँपालिकावाट हुन सकेको छैन भने कर रकम वारे चित्त नवुझेमा गुनासो सुनुवाइ गर्ने संयन्त्र समेत विकास हुन सकेको छैन । राजस्व इकाईवाट राजस्व कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष्य तथा असुली व्यवस्थाको प्रभावकारी अनुगमन समेत हुने गरेको पाइदैन । सवै वडावाट कर संकलन गरिएता पनि गाउँपालिकामा ढिलो राजस्व जम्मा हुने पाईएको छ। गाउँपालिकाको आफ्नो स्वमित्वमा रहेका स्थायी प्रकृतिका सम्पत्तिहरुको अभिलेख राख्ने गरिएको छ ।

### ग) सूचना तथा समन्वय :

गाउँपालिकामा आन्तरिक लेखापरीक्षण, र अन्तिम लेखापरीक्षण जस्ता कार्यहरु समयमा सम्पन्न गराएको छ । करका दरहरु निर्धारण गरी आर्थिक ऐन जारी गरिएको छ । यद्यपी राजस्व परामर्श समितिले वार्षिकरुपमा राजस्व सम्वन्धी सामान्य नीति तथा कार्यक्रमहरु वनाई समिति क्रियाशिल भएर प्रभावकारीरुपमा कार्यान्वयन भएको पाईदैन । साथै गाउँपालिकाको आयव्ययको सारांश विवरण आवधिक रुपमा सार्वजनिक गर्ने तथा तथा वार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लेख गर्ने गरिएको छ ।

## २.७ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

गाउँपालिकाको आफ्नै प्रशासकिय भवन भएको तर सवै वडाहरुमा भवनहरु नभएको । त्यसै गरी कतिपय वडा कार्यालयहरूको आफ्नो भवन नभई सेवा प्रवाहमा असर परिरहेको छ । साविकका सेवा केन्द्रहरू र वडा कार्यालयहरू संयोजन गरी एकीकृत रूपमा एकद्वार सेवा प्रवाह गर्नुपर्ने अवस्था सृजना हुन सकेको छैन । यसैगरी गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिलाई आवश्यक आवासको सुविधा नहुँदा सेवा प्रदान गर्न कठिनाई भइरहेको छ । त्यस्तै गरी सामुदायिक विद्यालयका शिक्षक, स्वास्थ्य संस्थाका कर्मचारी तथा अन्य सरकारी निकायका कर्मचारीलाई उचित आवासको व्यवस्था नभएको अवस्था छ ।

# परिच्छेद - तीन :
# राजस्व अधिकार तथा आय सम्भाव्यता

## ३.१ राजस्व अधिकार

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

**क) संवैधानिक अधिकार :**

नेपालको संविधान २०७२ को धारा ५७ मा राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ । राज्य शक्ति वाँडफाँड संविधानको अनुसूची ५ वमोजिम संघलाई, अनुसूची ६ वमोजिम प्रदेशलाई र अनुसूची ८ वमोजिम स्थानीय तहलाई हुने व्यवस्था भएको छ । त्यसैगरी अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारका र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सम्वन्धी व्यवस्था गरिएको छ । यसरी व्यवस्था गरिएका अधिकारहरु प्रयोगका लागि सम्वन्धित सरकारहरुले आ-आफ्नो कानूनहरु वनाउनु पर्ने हुन्छ । नेपालको संविधान २०७२ को धारा ६० मा राजस्व स्रोतको वाँडफाँडको व्यवस्था गरिएको छ । यसअनुसार तीनै तहका सरकारले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ। मुलत तीनै तहका सरकारलाई एकल अधिकार र साझा अधिकार गरी दुई प्रकारका अधिकार निर्धारण गरिएको छ। कर लगाउने तथा राजस्व संकलन गर्ने सन्दर्भमा स्थानीय तहका लागि नेपालको संविधान अनुसूची ८ को अनुक्रम ४ मा उल्लेख गरिएको छ। यस सम्वन्धी विस्तृत विवरण यसैसाथ तालिकामा उल्लेख गरिएको छ। सो अनुसार स्थानीय तहले सम्पत्ति कर, घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर तथा मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत संकलन गर्न सक्ने छ भने प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी र पर्यटन शुल्कलाई साझा अधिकार क्षेत्रभित्र राखिएको छ ।

**तालिका नम्वर २**
**तहगत राजस्व अधिकार क्षेत्र**

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन<br>• दण्ड जरिवाना | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

श्रोत : नेपालको संविधान २०७२

**ख) स्थानीय सरकार संचालन ऐन, २०७४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र उल्लेख भएको छ । सो परिच्छेदको दफा ५४ देखि ६४ सम्म वित्तीय अधिकार सम्वन्धी विविध पक्षहरु व्यवस्था गरिएको छ । यस अनुसार दफा ५४ मा कानून नवाइ कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था भएको छ भने दफा ५५ मा एकीकृत सम्पत्ति कर र घरजग्गा करको व्यवस्था गरिएको छ । यसैगरी दफा ५६ मा भूमिकर तथा मालपोत, दफा ५७ मा घरजग्गा वहाल कर, दफा ५८ मा व्यवसाय कर, दफा ५९ मा वहाल विटौरी शुल्क, दफा ६० मा पार्किङ शुल्क, दफा ६१ मा जटीवुटी, कवाडी र जीवजन्तु कर, दफा ६२ मा सेवा शुल्कको व्यवस्था गरिएको छ भने दफा ६३ मा कर, शुल्क वा दस्तुर कुटनीतिक नियोग एवं कुटनीतिज्ञ र वैदेशिक ऋण एवं सहायतावाट संचालिन परियोजनाका पैठारी भएका मालसामानमा लगाउन नपाउने व्यवस्था छ । दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्र कर निर्धारण, संकलन र वाँडफाँडको व्यवस्था गरिएको छ । यस अनुसार स्थानीय तहले टाँगा, रिक्सा, अटोरिक्सा र इरिक्सा जस्ता सवारी करको दर निर्धारण संकलन गर्ने अधिकार स्थानीय तहमा राखिएको छ भने यि वाहेकका सवारी साधनमा करदर निर्धारण र संकलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ । यसैगरी घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरन्जन करको दर निर्धारण प्रदेश सरकारवाट र संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ भने विज्ञापन कर दर निर्धारण र संकलन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । प्राकृतिक श्रोत कर खासगरी दुङ्गा, गिट्टी, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको करदर निर्धारण प्रदेश सरकार र संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । पर्यटन शुल्क पर्वतारोहरण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क नेपाल सरकारलाई, स्थानीय उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा संग्राहलयको प्रवेश शुल्क स्थानीय सरकारलाई र पर्यटन शुल्क निर्धारण र संकलन गर्ने अधिकार प्रदेश सरकारलाई दिइएको छ ।

**ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

ऐनको दफा ३ मा कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने व्यवस्था भएको छ । यस अनुसार स्थानीय तहको अधिकार क्षेत्र यसै ऐनको दफा ३ को उपदफा ३ तथा अनुसूची ३ मा उल्लेख गरिएको छ । स्थानीय तहको यस ऐन अनुसार देहाय वमोजिमका क्षेत्रहरुमा कर तथा गैरकर राजस्व संकलन गर्न सक्ने व्यवस्था भएको छ ।

**तालिका नम्वर ३**
**वित्तीय अधिकार क्षेत्र : कर तथा गैरकर सम्वन्धी**

| करका क्षेत्रहरु | गैरकरका क्षेत्रहरु |
|---|---|
| १) सम्पत्ति कर<br>२) घर वहाल कर<br>३) घर जग्गा रजिष्ट्रेशन शुल्क | १) सेवा शुल्क दस्तुर<br>२) पर्यटन शुल्क<br>३) दण्ड जरिवाना |
| ४) सवारी साधन कर<br>५) भूमिकर (मालपोत)<br>६) मनोरञ्जन कर<br>७) विज्ञापन कर<br>८) व्यवसाय कर | स्थानीयतहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैकर करहरु |
| श्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | |

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले कर राजस्व अन्तर्गत सम्पत्तिकर, घरवहाल कर, घरजग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर तथा मालपोत, मनोरन्जन कर, विज्ञापन कर, व्यवसाय कर लगाउन र संकलन गर्ने सक्ने व्यवस्था गरिएको छ भने गैरकर राजस्व अन्तर्गत सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवानावाट संकलन गर्नसक्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी दफा ४ मा गैरकरको दर निर्धारणका आधारहरु तोकिएको छ । सबै तहका सरकारहरुले वस्तु वा सेवाको लागत, संचालन र सम्भार खर्चलाई आधार मानी गैरकरका दरहरु निर्धारण गर्नुपर्ने व्यवस्था छ भने दफा ५ मा एकल कर प्रशासन सम्वन्धी व्यवस्था गरिएको छ । यस अनुसार सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर उठाउदा प्रदेश र स्थानीय सरकारले एक अर्काको कर समेत उठाउने व्यवस्था गरिएको छ । कर संकलन गर्दाको सम्वन्धित तहले प्रशासनिक खर्च २ प्रतिशत राखी बाँकी रकम सम्वन्धित तहको संचित कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।

**तालिका ४**

**एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था**

| करका क्षेत्रहरु | दर निर्धारण गर्ने तह | संकलन गर्ने तह | राजस्व बाँडफाँड (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय | स्थानीय | ४० | ६० |

स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७९ द्वारा संशोधित)

एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ :

- यस्तो एकल कर बांडफाँड प्रयोजनका लागि संकलन गर्ने तहले (प्रदेश र स्थानीय) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ३ को दफा ६ मा मूल्य अभिवृद्धिकर तथा अन्तःशुल्क बाँडफाँड को व्यवस्था गरिएको छ ।

**तालिका ५**

**कर राजस्व बाँडफाँड सम्वन्धी ब्यवस्था**

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिबृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)

त्यसै गरी दफा ७ मा प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी बाँडफाँडको व्यवस्था गरेको छ । यस अनुसार मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कवाट १५ प्रतिशत र प्राकृतिक स्रोतको रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत) वाट २५ प्रतिशत राजस्वको व्यवस्था गरिएको छ । यसैगरी परिच्छेद ४ को दफा ८ मा वित्तीय समानीकरण अनुदान, दफा ९ मा सशर्त अनुदान, दफा १० मा समपूरक अनुदान र दफा ११ मा विशेष अनुदानको व्यवस्था गरिएको छ भने दफा १४ मा आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ ।

**तालिका ६**
**प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (प्रतिशतमा)**

| श्रोतहरु | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| बन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४

### घ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

प्राकृतिक स्रोतको परिचालन, राजस्व वाँडफाँड तथा अनुदान सम्वन्धी व्यवस्था यस ऐनको परिच्छेद ४ मा गरिएको छ । यसै ऐनको दफा १४ मा प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार, दफा १५ मा राजस्व वाँडफाँड गर्दा लिइने आधार, दफा १६ मा अनुदान सिफारिस गर्दा लिइने आधारको व्यवस्था गरिएको छ । राजस्व वाँडफाँड गर्दा विशेष गरी जनसंख्या, भौगोलिक क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेका प्रयास, पूर्वाधार विकास जस्ता पक्षहरुलाई आधार मानिने व्यवस्था गरिएको छ ।
हाल आयोगले जनसंख्या (कूल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सुचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड गर्ने गरी आगामी ५ बर्षको लागि सिफारिस गरेको छ ।

**तालिका ७**
**राजस्व बाँडफाँडका लागि भएको सिफारिसको आधारहरु (प्रतिशतमा)**

| सिनं | आधारहरु | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसंख्या<br>कूल जनसंख्या अनुपात ८०<br>आश्रित जनसंख्या अनुपात २० | ७० | ७० |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव विकास सूचकांक | ५ | ५ |
| ४ | न्यून विकास सूचकांक<br>पुर्वाधार सूचकांक (७० प्रतिशत खर्चको आवश्यकता सूचकांक २० प्रतिशत र सामाजिक तथा आर्थिक असमानता सूचकांक १० प्रतिशत) | १० | १० |
| **जम्मा** | | **१००** | **१००** |

### ङ) सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ :

हालैमात्र जारी गरिएको यस सार्वजनिक ऋण व्यवस्थापन ऐन २०७९ को दफा ६ अनुसार स्थानीयतहहरुले नेपाल सरकारको सहमति लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सिमा भित्र रही ऋणपत्र जारी गरी ऋण उठाउन पाउनेछ ।

### च) गाउँपालिकाको आर्थिक ऐन, २०७९

हरिनास गाउँपालिकाको आर्थिक ऐन, २०७९ अनुसार निम्न राजस्वका श्रोतहरुवाट राजस्व संकलन गर्न सक्ने व्यवस्था गरिएको छ ।

**क) कर राजस्व तर्फ :**
१) सम्पत्ति कर
२) भूमिकर (मालपोत)
३) घरवहाल कर
४) व्यवसाय कर
५) जडीवुटी, कवाडी र जीवजन्तु कर
६) सवारी साधन कर
७) विज्ञापन कर
८) मनोरञ्जन कर
९) घर जग्गा रजिष्ट्रेशन शुल्क
१०) व्यवसाय रजिष्ट्रेशन दस्तुर

**ख) गैरकर राजस्व**
११) वहाल विटौरी शुल्क
१२) सेवा शुल्क दस्तुर
१३) पर्यटन सेवा शुल्क
१४) परिक्षा शुल्क
१५) अन्य सेवा शुल्क( सरसफाई )
१६) नक्सा पास दस्तुर
१७) सिफारिस दस्तुर
१८) व्यक्तिगत घटना दर्ता दस्तुर
१९) नाता प्रमाणित दस्तुर
२०) अन्य दस्तुर ( सिफारिस , प्रमाणित )
२१) प्राकृतिक स्रोत विक्रि ( गिट्टी, ढुङ्गा , वालुवा तथा अन्य सम्पत्ती विक्रि)
२२) प्रशासनिक दण्ड जरिमाना, जफत

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

हरिनास गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरुमा प्रत्यक्ष तथा गैरकरका रुपमा सम्पत्तीकर, मालपोत, व्यवसायिक कर, घरवहाल कर, जग्गा रजिष्ट्रेसन दस्तुर, सिफारिस दस्तुर, वहाल विटौरी, गिट्टी बालुवा जस्ता रहेका छन् ।

आर्थिक वर्ष २०७८/०७९ मा आन्तरिक राजस्व रु. २६ लाख उठाउने प्रस्ताव गरिएकोमा लक्ष्य भन्दा वढि रु. ७३ लाख ४ हजार राजस्व प्राप्त भएको छ । गाउँपालिकाले राजस्व वृद्धिका लागि प्रभावकारीरुपमा कार्यान्वयन नगरेको अवस्थामा पनि स्वत स्फुर्तरुपमा करदातावाट कर संकलन भएको देखिन्छ । यस क्षेत्रका करदाताहरुलाई करको दायरामा ल्याएर कर बुझाउने विषयमा सुसुचित गराउने र कस्ता कस्ता किसिमका करदाताहरु छन् सो को यथार्थ विवरण गाउँपालिकाले तयार गर्ने आदि कार्य गर्नुपर्ने हुन्छ । साथै वार्षिक नीति, कार्यक्रम तथा बजेट बनाँउदा आयको स्रोतको विस्तृत विवरण तथा करको दरहरु सोहि कितावमा तयार नगरी छुट्टै तयार गरिएको छ ।

### ३.२.१ कर राजस्व परिचालनको वर्तमान अवस्था

कर राजस्व तर्फ हरिनास गाउँपालिकाले प्रत्यक्ष कर अन्तर्गत उठाउन पाउने सवै क्षेत्रवाट कर संकलन गरेको पाईदैन जसमा भूमिकर तथा मालपोत, अन्यकर तथा सिफारिस दस्तुर र अन्य दस्तुर वापत राजस्व संकलन भएको छ भने अन्य करका शिर्षक र गैरकरका शिर्षकमा राजस्व संकलन गरेको छ । स्थानीय तहलाई प्राप्त अधिकार अनुसार करदाताको लगत संकलन गरेर सोहि अनुसार करको दर निर्धारण गर्ने र करको दायरालाई

विस्तारै बढाउदै लिने कार्य प्रभावकारीरुपमा हुन नसकेको देखिन्छ । राजस्व परिचालनको अवस्था र संभावना सम्वन्धी विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

**तालिका नम्वर ८**
**राजस्व परिचालनको अवस्था : कर राजस्व**

| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
|---|---|---|---|---|
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| १. | सम्पत्तिकर | भएको | भएको | भएको |
| २. | भूमिकर (मालपोत) | भएको | भएको | भएको |
| ३. | व्यवसाय कर | भएको | भएको | भएको |
| ४. | सवारी साधन कर | भएको | नभएको | नभएको |
| ५. | घरबहाल कर | भएको | भएको | भएको |
| ६. | विज्ञापन कर | भएको | नभएको | नभएको |
| ७. | घर जग्गा रजिष्ट्रेशन शुल्क | भएको | भएको | भएको |
| ८. | ब्यवसाय रजिष्ट्रेशन शुल्क | भएको | भएको | भएको |
| ९. | जडिवुटी, जिवजन्तु तथा कवाडी कर | भएको | भएको | भएको |
| १०. | मनोरञ्जन कर | भएको | नभएको | नभएको |

श्रोत : हरिनास गाउँपालिकाको आ.व. २०७९।८० को नीति तथा कार्यक्रम ।

### ३.२.२ गैरकर राजस्व परिचालनको वर्तमान अवस्था

गैरकर राजस्व अन्तर्गत हरिनास गाउँपालिकामा सिफारिस दस्तुर र अन्य दस्तुर शिर्षकमा गैरकर संकलन भएकोछ । उक्त दस्तुरहरु के वापत लिईएको हो स्पष्टरुपमा आन्दानी तथा खर्च विवरणमा राखिएको छैन । त्यसैले गैरकर राजस्व अन्तर्गतका नक्सापास दस्तुर, सिफारिस दस्तुर, फोहोरमैला, व्यक्तिगत घटना दस्तुर, नाता प्रमाणित दस्तुर, वहाल विटौरी, ढुङ्गा गिट्टी वालुवा आदि सम्भावना भएका शिर्षकहरुमा राजस्व संकलन का दर निर्धारण गर्नु पर्ने देखिन्छ र सोहि बमोजिम संकलित राजश्व शिर्षक अनुसार लेखाङ्कन गर्नु पर्दछ । साथै पूर्वाधारहरु तर्फ खानेपानी महशुल, विद्युत महशुल, सडक वत्ति सेवा शुल्क शिर्षकहरुमा राजस्व संकलन नभएको देखिन्छ । आ.व. २०७८।७९ मा गैर कर तर्फ रु ६९ लाख ३० हजार राजस्व संकलन गरेकोछ । गैर कर राजस्वको संभावना र अवस्था सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नम्वर ९**
**राजस्व परिचालनको अवस्था : गैरकर राजस्व**

| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
|---|---|---|---|---|
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| १. | सवारी पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| २. | खानेपानी महशुल | नभएको | नभएको | नभएको |
| ३. | विद्युत महसुल | नभएको | नभएको | नभएको |
| ४. | वहाल विटौरी शुल्क | भएको | नभएको | नभएको |
| ५. | पर्यटन सेवा शुल्क | भएको | नभएको | नभएको |

| तालिका नम्बर ९<br>राजस्व परिचालनको अवस्था : गैरकर राजस्व | | | | |
|---|---|---|---|---|
| सि.नं. | आय शीर्षकहरू | भएको/नभएको | | |
| | | सम्भावना | दर निर्धारण | राजस्व संकलन |
| ६. | फोहोरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | ननभएको |
| ७. | प्राकृतिक स्रोतः ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर बिक्री | भएको | नभएको | नभएको |
| ८. | ढल निकास सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ९. | सार्वजनिक शौचालय सेवा शुल्क | भएको | नभएको | ननभएको |
| १०. | हाटवजार सेवा शुल्क | भएको | नभएको | नभएको |
| ११. | पशुवधशाला सेवा शुल्क | भएको | नभएको | ननभएको |
| १२. | सडक बत्ती सेवा शुल्क | नभएको | नभएको | नभएको |
| १३. | स्थानीय विकास शुल्क | भएको | नभएको | नभएको |
| १४. | अचल सम्पत्ति मूल्यांकन शुल्क | भएको | नभएको | नभएको |
| १५. | दर्ता तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| १६. | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| १७. | सिफारिस  दस्तुर | भएको | भएको | भएको |
| १८. | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १९. | अन्य प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २०. | लिलाम विक्री | भएको | नभएको | नभएको |
| २१. | सार्वजनिक निजी साझदारी | नभएको | नभएको | नभएको |
| २२. | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | भएको | भएको | भएको |
| २३. | भाडा तथा वहाल | भएको | भएको | भएको |
| २४. | मेसिन तथा औजार भाडा | भएको | नभएको | नभएको |
| २५. | सभागृह भाडा | नभएको | नभएको | नभएको |
| २६. | ताल, पोखरी तथा जग्गा भाडा | नभएको | नभएको | नभएको |
| २७. | दण्ड जरिमाना | भएको | नभएको | नभएको |
| श्रोत : हरिनास गाउँपालिकाको आ.व. २०७९।८० वार्षिक नीति तथा कार्यक्रम | | | | |

### ३.२.३ सम्भावना तथा चुनौतिहरु

राजस्व अभिवृद्धि एवं परिचालन गर्ने सन्दर्भमा हरिनास गाउँपालिकामा निम्न अनुसारका सम्भावना तथा चुनौतिहरु रहेका छन ।

**तालिका नम्बर १०**
**गाउँपालिकाको वस्तुस्थिति विश्लेषण**

| सवल पक्ष तथा सम्भावनाहरु | समस्या तथा चुनौतिहरु |
|---|---|
| ➧ राजस्व परिचालनका लागि प्रशासनिक संरचना तथा संयन्त्र निर्माण भएको<br>➧ गाउँपालिकामा राजस्व इकाइ क्रियाशील रहेको र जनशक्ति व्यवस्थामा जोड दिईएको<br>➧ राजस्व संकलन वडा कार्यालयवाट हुँदै आएको<br>➧ वार्षिकरुपमा राजस्व अभिवृद्धिका लागि वार्षिक नीति, कार्यक्रमको व्यवस्था<br>➧ सम्पत्तिकर, वहालकर, व्यवसायकर जस्ता मुख्य स्रोतहरुको कर निर्धारण भएको<br>➧ आर्थिक ऐन २०७९, कार्यान्वयनमा रहेको<br>➧ राजस्व अभिलेखन एवं रसिद काट्ने व्यवस्था कम्प्युटर सफ्टवेयरवाट हुने गरेको<br>➧ धार्मिक एवं प्राकृतिक दृश्यावलोकन स्थलहरुको निर्माण संगै पर्यटन शुल्क संकलन तथा पूर्वाधार शुल्कको सम्भावना रहेको<br>➧ नागरिकहरुमा राजस्व भुक्तानी गर्नुपर्ने सोचमा सकरात्मक परिवर्तनको विकास हुन थालेको | ➧ गैंरकर राजस्व माथिको परनिर्भरता वढ्दै जानु<br>➧ सम्पत्तिकर र व्यवसायकर प्रभावकारी ढंगवाट कार्यान्वयन नहुनु<br>➧ राजस्व अभिवृद्धिका लागि दायरा विस्तार हुन नसक्नु<br>➧ राजस्वका नयाँ क्षेत्र तथा स्रोत पहिचान नहुनु<br>➧ राजस्व संकलनलाई डिजिटाइज एवं अनलाइन सेवा कार्यान्वयन गर्न नसक्नु<br>➧ नागरिकलाई कर तिर्नुपर्ने वारेमा जनचेतना यथेष्ठमात्रामा अभिवृद्धि नहुनु<br>➧ राजस्व संकलन हुने क्षेत्रहरु खासगरी पूँजीगत आयमुलक क्षेत्रमा लगानी अभिवृद्धि गर्न नसक्नु<br>➧ पर्यटकीय क्षेत्र, स्थानीय सडक जस्ता पूर्वाधार निर्माण गरी गाउँपालिकाले उपयोग शुल्क कार्यान्वयन ल्याउनु नसक्नु<br>➧ राजस्व शाखामा दक्ष एवं जनशक्ति संख्या न्यून हुनु<br>➧ गाउँपालिकाका पदाधिकारी, सदस्य एवं कर्मचारीहरुमा राजस्व अभिवृद्धि सम्वन्धी क्षमता न्यून हुनु<br>➧ सम्पुर्ण करदाताहरुको तथ्याङ्क नहुनु करको आधारहरु कमजोर किसिमका हुनु<br>➧ कर राजस्व एवं गैरकर राजस्व परिचालनका लागि आवश्यक कानून निर्माण नहुनु, जसको आधारमा कार्यविधि एवं अन्य कानूनहरु निर्माण हुन नसक्नु ।<br>➧ राजस्व सम्वन्धी वार्षिक नीति कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यकता अनुसार वजेट व्यवस्था नहुनु<br>➧ करका दररेट निर्धारण एवं कार्यान्वयनका लागि अन्तरपालिका समन्वय स्थापित नहुनु<br>➧ कर प्रशासनलाई प्रभावकारी रुपमा संचालन गर्न नसक्नु विधुतिय प्रणालीलाई जोड नदिनु । |

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

गाउँपालिकाको आन्तरिक आय अन्तर्गत कर तथा गैरकर राजस्वका प्रमुख श्रोतहरु मालपोत, सम्पत्तिकर, घरवहाल कर, व्यवसाय कर, सेवा शुल्क, नक्सापास, एवं प्राकृतिक श्रोत साधन (ढुङ्गा गिट्टी वालुवा) आदिको विद्यमान अवस्था र राजस्व सम्भावनाहरु यसप्रकार रहेको छ ।

### ३.३.१ कर राजस्व[1]

**क) सम्पत्ति करको दर :**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ । उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल वरावरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था** : गाउँपालिको राजस्व स्रोतहरु मध्ये यो सम्पत्तिकर सवैभन्दा वढि महव्तपूर्ण राजस्वको स्रोत हो तर यस गाउँपालिकाको आर्थिक ऐन २०७९ अनुसार सम्पत्तीकरका लागि दर निर्धारण गरिएको छैन साथै यस शिर्षकवाट कर उठाउनका लागि लक्ष्य लिएको देखिदैन तर भुमिकर/मालपोतवाट राजस्व उठाउने गरी राजस्व अनुमान गरेको छ। यद्यपी यस शिर्षकमा राजस्व उठाउनकालागि प्रशस्त संभावना भएकाले गाउँपालिकाले घर संरचनाहरुको वर्गिकरण सहित करको दर निर्धारण गरी सम्पत्ति कर उठाउनु पर्ने देखिन्छ ।

**तालिका नम्बर ११**
**सम्पत्तिको वर्गिकरण तथा प्रस्तावित करको दर**

| घरको संरचनाको वर्गिकरण | मुल्याङ्कन दररेट ( प्रति वर्गफिट रु.) प्रस्तावित | प्रस्तावित कर दर रेट |
|---|---|---|
| पक्की घर (आर.सी.सी) | रु. १००० | सम्पत्तिको मुल्याङ्कन अनुसार कर निर्धारण गर्दा शुरु मुल्य देखि रु. ५० हजार सम्म रु. ५० र त्यस पछि सम्मत्तिको मुल्य अनुसार रु. १ करोड सम्म थप प्रति हजारको सम्पत्तिमा २० पैसा त्यसै गरी १ करोड १ रुपैया भन्दा माथि रु. १० करोड सम्म थप प्रति हजारको सम्पत्तिमा रु.१ र रु. १० करोड १ भन्दा माथि सम्पत्तिको मुल्याङ्कन बढ्दै जाँदा थप प्रति हजारमा रु. १।५० का दरले कर लगाउने । |
| आर.सी.सी टिन छाना | रु. ८०० | |
| पिलर नभएको पक्की ढलान | रु. ५०० | |
| ब्लक सिमेन्ट टिन छाना | रु. ३०० | |
| ब्यवासायिक ट्रस | रु. २०० | |
| काठको घरमा टायल /टिन छाँना | रु. १०० | |
| टहरा /ट्रस | रु. ५० | |

**सम्भाव्यता :**

यस गाउँपालिकामा निर्माण भएका घरहरुको बनावट अनुसार देहाय वमोजिमका घरसंख्या रहेका छन्.।

**तालिका नम्वर १२**
**बनावट अनुसार घरहरुको संख्या**

| घरको किसिम | घरधुरी संख्या |
|---|---|
| ढलान पिलर सहितको | २४७ |
| माटोको जोडाई भएको ईट्टा/ढुङ्गा | २९४८ |
| सिमेन्ट जोडाई भएको ईट्टा/ढुङ्गा | ३७२ |
| काठको खम्वा गाडेको | १३ |
| अन्य | २ |

[1] आर्थिक ऐन २०७९ (हरिनास गाउँपालिका)

श्रोत : राष्ट्रिय जनगणना २०७८

गाउँपालिकाले सम्पत्ति कर लागु गर्न भौतिक संरचना र सो ले चर्चेको (प्लेन्थ एरिया) बढिमा ५,४६७ वर्ग फिट मध्ये जुन घटी हुन्छ त्यसमा तोकिएको दर अनुसार सम्पत्ति कर लगाउनु पर्दछ र उक्त रकम तोकिएको समयमा नवुझाएमा थप १० प्रतिशत जरिमाना लाग्ने व्यवस्था गर्न सकिने छ ।
यस गाउँपालिकामा भएका वस्ती र घरको प्रकृति संरचना अनुसार अधिकांस पक्की घरहरु ढलान पिलर सहितको र सिमेण्ट तथा ईट्टावाट बनेका र सडक पूर्वाधारका हिसावले सवै लगभग सवै घरहरुमा पुगि सकेको अवस्था भएको हुनाले सम्पत्ती करको संभावना राम्रो देखिन्छ । यद्यपी यस कार्यका लागि गाउँपालिकाले जनप्रतिनिधिहरु र कर्मचारी विच समन्वय र प्रतिवद्धता सहित जनतालाई दिने सेवा र राजस्व प्रशासन लाई प्रभावकारी सेवामुखी बनाउदै कर तिर्ने प्रकृयालाई सहज र सरल बनाउनु पर्ने आवश्यक देखिन्छ ।

**ख) घरवहाल कर :**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था** :

घरवहालकरको दर ( आर्थिक ऐन २०७९, अनूसुची ३) निर्धारण गरी लागु गरेको र यो अर्को वलियो राजस्वको दिगो तथा क्रमस बृद्धि हुदै जाने स्रोत हो । यद्यपी यस गाउँपालिकाले आ.व.२०७८/७९ मा घरवहाल कर शीर्षकमा कुनै अनुमान गरेको छैन भने आ.व.२०७९/८० का लागि रु. १५ लाख राजस्व संकलन गर्ने अनुमान गरिएको छ ।

**सम्भाव्यता** :

गाउँपालिकाको कुल क्षेत्रफल मध्ये ३.६९ प्रतिशत क्षेत्रफल (खेति, जंगल र घासे मैदान वाहेक) ओगटेको छ । यस गाउँपालिकाको भौगोलिक बनौट लाई आधार मान्दा शहरी क्षेत्रफल न्युन मात्रामा छ । यद्यपी विकासका पूर्वाधार निर्माण संगसंगै शहरीकरण बढ्दै जाने सम्भावना यहाँ छ । यहाँ विभिन्न उद्देश्यका लागि विविध संरचनाहरु बनिरहेका पनि छन् । ब्यापार व्यवसाय संचालन गर्न, सरकारी तथा नीजि कार्यालय, व्यक्तिगत वसोवास आदि प्रयोजनका लागि घर तथा टहरा भाडामा दिएको छ । यहाँको वस्तुगत अवस्थालाई आधार बनाउदा गाउँपालिकाले घरभाडा कर असुलीका आधार र लक्ष्य अनुसार कर संकलन गर्न सक्ने देखिन्छ । अझ गाउँपालिकाले यसरी घरभाडा प्रयोजनमा लगाईका करदाताको यथार्त संख्या एकिन गरी सोहि बमाजिम कर तिर्ने विषयमा करदातालाई सुसुचित गराउदै करदाताको दायरा बढाउदै लगेमा घरवहाल कर असुली वृद्धि गर्न सकिने प्रच्र सम्भावना छ ।
गाउँपालिकामा भएका जम्मा घरधुरी मध्ये विभिन्न ब्यापार ब्यवसाय संचालन भएको २५६ वटा (राष्ट्रिय जनगणना २०७८) घरधुरी छन् त्यसमा कतिपय घर ब्यवसायिको स्वामित्वमा पनि रहेका छन् भने कतिपय भाडामा लिएर संचालन गरेका छन् । गाउँपालिका भित्र भएको घरको स्थान, उपलब्ध पूर्वाधार तथा ब्यापारिक क्षेत्र वा अन्यलाई वार्षिक १० प्रतिशतका दरले कर लाग्ने निर्धारण गरेको छ ।

**ग) व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था** : गाउँपालिका जनताको सवै भन्दा नजिकको सरकार भएको र संविधानत स्थानीय तह वाट जनताका प्रत्येक्ष सरोकार राख्ने लगाएतका सेवा प्रवाह हुने हुँदा विभिन्न ब्यापारिक क्रियाकलापहरु हुनु र क्रमसः बढ्नु स्वभाविक हुन्छ । व्यवसाय कर दर्ताका आधारमा मुल्य अभिबृद्धि कर र पानमा मात्र दर्ता भएकालाई क्रमस

ठूला उद्योग क र साना व्यवसायी ख वर्गमा वर्गिकरण गरी करको दर तोकिएको छ। यद्यपी यस गाउँपालिकाले व्यवसाय करका लागि विगतको आव तथा चालु आ.व. २०७९।८० मा व्यवसाय कर संकलन गर्ने लक्ष्य राखेको छैन। यद्यपी आर्थिक ऐन २०७९ अनुसूची ३ अनुसार व्यवसायको प्रकृति अनुसार विभिन्न क्षेत्रमा वर्गिकरण गरी करको दर निर्धारण गरिएको छ।

**सम्भाव्यता :**
व्यवसाय कर स्थानीय तहका लागि बलियो आन्तरिक स्रोत भएकाले यस गाउँपालिकामा भएका विभिन्न किसिमका साना खुद्रा पसल देखि ठूला पसल व्यापार आदि संचालनमा रहेका छन्। यी व्यवसायहरु मध्ये पनि पूँजीगत लगानी र आर्थिक कारोवारका तथा पर्यटन क्षेत्रका लागि गाउँसभाबाट स्वीकृत करको दर निर्धारण गरी राजस्व उठाउने अनुमान गरिनु पर्दछ। यस गाउँपालिकाको जम्मा घरधुरी मध्ये २५६ वटा (राष्ट्रिय जनगणना २०७८) घरधुरीमा विभिन्न किसिमका व्यवसायहरु संचालनमा रहेका छन्। ति व्यवसायवाट लगानी पूँजी, क्षेत्र अनुसार वार्षिक रुपमा बझाउनु पर्ने कर निर्धारण, व्यवसायको लगानीका आधारमा गरेका वर्गिकरण तथा सोहि आधारमा करदाताहरुको अद्यावधि अभिलेखिकरण गरेर व्यवसाय करको दायरा र संकलनमा उल्लेख्य सुधार हुने संभावना देखिन्छ।

**घ) भूमिकर (मालपोत)**
स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ। तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरिएको छ।

**विद्यमान अवस्था** : मालपोत करका लागि गाउँपालिकाले जग्गाको वर्गिकरण ( आर्थिक ऐन २०७९ अनुसूची १) गरी करको दर निर्धारण गरेको छ। यस प्रकारको कर परम्परा देखि चल्दै आएको र दिगो राजस्वको स्रोत हो। गाँउपालिकाले आ.व.२०७८/७९ मा यस शीर्षकमा रु. ४ लाख उठाउने अनुमान गरिएकोमा रु. २ लाख ७८ हजार उठेको छ भने आ.व.२०७९/८० का लागि रु. ५ लाख उठाउने अनुमान गरिएको छ।

**सम्भाव्यता** : गाउँपालिको जम्मा क्षेत्रफल मध्ये अन्य क्षेत्र, जंगल, घाँसे मैदान वाहेक ६२.३१ प्रतिशत खेति योग्य भूमिको रुपमा रहेका छ। खेति योग्य जमिन विभिन्न प्रकृतिका अवल, दोयम, सिम र चाहार अनुसार भूमिकर प्रयोजनाका लागि खेत तर्फ र पाखा तर्फ २ वर्गमा वर्गिकरण गरी प्रति रोपनीका दरले मालपोत कर को दर निर्धारण गरिएको छ। जमिनको वर्गिकरण गरी कर लगाउने तरिकालाई बढि बैज्ञानिक मानिने हुँदा भूमिकरको सम्भावना देखिन्छ।

**तालिका नम्वर १३**
**भूमिकर (मालपोत)**

| **साविक गा.वि.स.** | **खेततर्फ रु. प्रति रोपनी** | | | | **पाखातर्फ रु. प्रति रोपनी** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अब्वल | दायम | सिम | चाहार | अब्वल | दायम | सिम | चाहार |
| क्याक्मी | ८३१६० | ६३००० | ५४१८० | ४०३२० | २७७२० | २३९४० | १६३८० | १२६०० |
| चिन्नेवास | ९२२४० | ७०३८० | ७८१२० | ४७८८० | ३७८०० | २३९४० | २०१६० | १३६८० |
| किचनास (६,८,९) | ९४००० | ७५००० | ६०००० | ५४००० | ४५००० | ३९००० | ३१००० | २४००० |
| म. चिसापानी | ८८००० | ७५००० | ६६००० | ५३००० | ४५००० | ३९००० | ३१००० | २४००० |
| चित्रेभन्ज्याङ | ७९००० | ६८००० | ६०००० | ५३००० | ४५००० | ३९००० | ३१००० | २४००० |

**ङ) विज्ञापन करः**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (ग) मा व्यवस्था भए अनुसार विज्ञापन करको दर निर्धारण र संकलन गाउँपालिकाले गर्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था** : यस गाउँपालिकामा हालसम्म विज्ञापन कर शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन । तर आर्थिक ऐन २०७९ को अनुसूची ४ मा विज्ञापन करको दर निर्धारण भएको छ ।

**करको सम्भावना** : यस गाउँपालिका हुँदै जिल्लास्तरीय सडक गएको तथा यहाँका बजार केन्द्रहरुमा विभिन्न व्यवसायिक निकायहरुको विज्ञापन राख्ने गरेको देखिन्छ भने यस्तो सम्भावना भविष्यमा झन बढोत्तरी हुदै जाने देखिन्छ ।

## ३.३.२ गैरकर राजस्व[२]

स्थानीय तहको वित्तीय क्षेत्र अधिकार बमोजिम प्रत्यक्ष कर लगाउने वाहेक अन्य सेवाहरु उपलब्ध गराए वापत शुल्कहरु लगाउन पाउने व्यवस्था छ, जसलाई गैरकर भनिन्छ । आन्तरिक राजस्वको करको अलावा यस गाउँपालिकाको सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतको गैरकर स्रोत पनि महत्वपूर्ण रहेको छ ।

### क) नक्सापास दस्तुर :

स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोके वमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था** :

गाउँपालिकाले आ.व.२०७९/८० मा यस शीर्षकमा छुट्टै सेवा शुल्क उठाउने अनुमान गरेका पाईदैन तर अन्य दस्तुर र सिफारिस दस्तुर शिर्षकमा अनुमान तथ असुली गरेको पाईन्छ । गाउँपालिकाले आन्तरिक आयको अनुमान गर्दा गाउँपालिकाको अधिकार क्षेत्र भित्रको सेवा दिने सो वाफत शुल्क उठाउने विषयमा व्यवस्थित रुपमा कार्य नगरेको देखिन्छ । यो दस्तुर कुनै पनि स्थानीय तहको भरपर्दो राजस्वको स्रोत भएकाले गाउँपालिकावाट करको दर निर्धारण भए अनुसार असुल भएको राजस्व पनि अलग शिर्षकमा राख्नु पर्दछ ।

**सम्भाव्यता** :

नक्सापास गर्नु र नक्सा पास गरेर मात्र घर निर्माण गर्न दिने गाउँपालिकाको महत्वपूर्ण काम मध्ये एक हो सोहि बमोजिम उक्त नक्सा स्वीकृत गर्दा गाँउपालिकाले लिने नक्सापास दस्तुर आन्तरिक राजस्वको बलीयो स्रोत हो । यस हरिनास गाउँपालिकामा विस्तारै सहरीकरण बढ्दै गईरहेको छ, आगामी दिनमा घर निर्माण हुदै जाने देखिन्छ । यसरी दिन प्रति दिन बढ्न जाने चापले नक्सापासको कार्य तथा दस्तुर संकलन पनि बढ्ने सम्भावना छ । यद्यपी यस कानूनी व्यवस्थालाई पूर्ण पालना गराउन गाउँपालिकाको आफ्नो विद्यमान स्रोत र साधनमा थप गरी नक्सा पास गरेर मात्र घर निर्माणका कार्य गर्ने व्यवस्थालाई आम नागरिक समक्ष पुरयाउन कर शिक्षा लगायत प्रभातफेरी जस्ता कार्यक्रम गर्नु पर्दछ ।

आ.व. २०७९।८० मा अलग नक्सापास दस्तुरको व्यवस्था गरिए अनसार प्राप्त भएको शुल्क सोहि शिर्षकमा राखी श्रेस्ता राख्नु पर्न देखिन्छ ।

### ख) प्राकृतिक श्रोत (ढुङ्गा, वालुवा, गिट्टी)

[२] आर्थिक ऐन २०७९ (हरिनास गाउँपालिका)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाको वस्तुगत अवस्था अनुसार स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी विक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छैन ।

**विद्यमान अवस्था :**

हरिनास गाउँपालिकाको भौगोलिक अवस्था अनुसार यस शीर्षक राजस्वको शुल्क लगाउने ब्यवस्था भएता पनि उठाउने अनुमान गरेको छैन तर यस गाउँपालिकामा जंगलको क्षेत्र वढि भएकाले त्यसवाट काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको सन्तुर निर्धारण गरी लागु गराउन आवश्यक देखिन्छ ।

**सम्भाव्यता** :

यस गाउँपालिकाको भौगोलिक बनावट केहि समथर भुभाग देखि मध्यपहाडी भाग तथा जंगल सहितको क्षेत्र हो । औद्योगिकरुपमा पोखरा, क्षेत्रको समदुरीमा अवस्थित छ । यि विविध पक्षहरुले गर्दा यस गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोतहरुको बजारको सम्भावना खोजी गर्न सकिन्छ । त्यसैले विद्यमान सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको वस्तुको विक्री तथा उपयोगको सम्भावना छ ।

## ग) वहाल विटौरी

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७ गाउँपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

**विद्यमान अवस्था :**

गाउँपालिकाले विद्यमान अवस्थामा अनुसार हाटबजार संचालन , पूर्वाधार निर्माण गरी वहालमा नदिएकोले यसको लागि वहाल विटौरी दस्तुर निर्धारण सम्पत्ती कर निर्धारणलाइृ आधार मानि वहाल विटौरी शुल्क लिने ब्यवस्था गरेको छ ।

**सम्भाव्यता :**

गाउँपालिकाले आफ्नो मातहतमा भएका सार्वजनिक संम्पत्ति उपयोगवाट आर्थिक आर्जन तथा हाट बजार संचालन आदि गर्न सकिने स्थान एकिन गरी योजना बनाएर कार्यान्वय गर्नु पर्दछ जसले गाउँपालिकाको आन्तरिक आयलाई टेवा पुरयाउने हुने भएकाले सोहि वमोजिम कार्ययोजना वनाई प्रभावकारी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

## घ) ब्यवसाय दर्ता /नविकरण शुल्क :

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकाले शुल्क उठाउन पाउने ब्यवस्था छ ।

**विद्यमान अवस्था :**

गाउँपालिकाले आ.व.२०७८/७९ मा यस शीर्षकमा छुट्टै शुल्क उठाउने अनुमान नगरेता पनि एकमुष्ट शुल्क उठाउने लक्ष्यमा समावेश गरेको पाईन्छ किनभने व्यवसाय दर्ता तथा नविकरणका लगि शुल्कका  दर निर्धारण गरेको छ ।

**सम्भाव्यता** :

ब्यापारिक हिसावमा विस्तारै यो गाउँपालिकामा विभिन्न किसिमका ब्यापारिक क्रियालाप बढ्दै गएको विद्यमान तथ्याङ्कले देखाउदछ उक्त क्रम निरन्तर जाने सम्भावना छ । यसैले गाउँपालिकाले करको दायरा तथा करको दरमा वैज्ञानिक वन्दै कार्यान्वयन गरेमा ब्यवसाय दर्ता /नविकरण शुल्कको राम्रो सम्भावना छ । यसै कुरालाई मध्येनजर राखेर राजस्व सुधार कार्ययोजनामा पनि प्रस्ताव गरिने छ ।

### ङ) सेवा शुल्क (पर्यटन शुल्क, फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय सडक पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, न्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ । यसैगरी सोहि ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

हरिनास गाउँपालिकाले सेवा शुल्क दर तोकेको छ । यस गाउँपालिकाले पूर्वाधार सेवा प्रदान गर्नका लागि खैरीकोटमा पूर्वाधार पर्यटन विकास तथा आहाल डाँडा पिकनिक स्पट निर्माण गरिरहेको छ । आ.व.२०७८/७९ मा यि विविध सेवा शुल्लका शीर्षकमा रु. ९ लाख  उठाउने अनुमान गरेकोमा रु. ६१ लाख ८१हजार रकम अनुमान गरेको भन्दा निकै बढि उठेको छ ।  आ.व.२०७९/८० का लागि रु.१० लाख उठाउने लक्ष्य राखिएको छ ।

**सम्भाव्यता :**

गाउँपालिकाले उपलब्ध गराउने तत् सेवामा शुल्क हरु वुझाउन ईच्छुक भएको तथ्याङ्कले देखाउँदछ त्यसैले यि सेवाहरुको प्रभावकरीता वढाउने र करदाताको विवरण अद्यावधिक गरेमा अझ वढी शूल्क संकलन हुन सक्दछ तर यि शुल्कहरुलाई अन्य शुल्कको शिर्षकमा नराखी सेवा शुल्क शिर्षकमा शुल्क उठाउने  लक्ष्य र असुली मापन गरी आगामी वर्षका लागि क्रमै संग गाउँपालिकाले पूर्वाधार क्षेत्रमा लगानी गरी सेवा श्ल्क बढाउन सक्ने सम्भावना पनि छ ।

### च) दण्ड जरिवाना, जफत

संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ वमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा गाउँपालिकाले दण्ड, जरिवाना र जफत गर्न सक्दछ  ।

**विद्यमान अवस्था :**

गाउँपालिकाले  दण्ड जरिवाना लगाउने ब्यवस्था गरेर लागु गरेको छ । आ.व.२०७८/७९ मा यस शीर्षकलाई बेरुजुको नामवाट  रु. २ लाख  उठाउने अनुमान गरेकोमा रु.  २६  हजार रकम उठेको छ ।  आ.व.२०७९/८० का लागि रु. १ लाख उठाउने लक्ष्य राखिएको छ । दण्ड तथा जरिवाना वास्तवमा सर्वप्रिय विषय होईन तर गाउँपालिका पनि सरकारको हैसियतमा कार्य गर्ने भएकाले कानूनी राज्यको स्थापना गर्न  कुनै कार्य कानून

बमोजिम नभएमा दण्ड तथा जरिवानाको लागि अर्धन्यायिक व्यवस्था गर्नुपर्ने हुन्छ सोहि बमोजिम गाउँपालिकाले कार्यान्वयन गर्नुपर्दछ ।

**छ) घर जग्गा रजिष्ट्रेशन दस्तुर :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइ नसकेकोले चालु आर्थिक बर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्वन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ । यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्यांकन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य संघको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले बार्षिक रुपमा गरेको न्यूनतम मूल्यांकन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । गाउँपालिकाले यस्तो मूल्यांकन वास्तविक रुपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नुपर्दछ । यसरी प्राप्त हुने शुल्क गाउँपालिकाले प्राप्त भएको हिसाव छुट्टै राखेको छैन यद्यपी घर जग्गा रजिष्ट्रेशसन दस्तुर आ.व. २०७८।७९ मा रु. ३ लाख ४६ हजार प्राप्त भएको छ । यस प्रकारको दस्तुरको संभावना पनि भएकोले सोहि अनुसार कार्य योजनामा प्रस्तावित गरिएको छ ।

राजस्व क्षमता सुधार तथा राजश्व अभिवृद्धिका लागि गाउँपालिकाको अवस्था बिश्लेषण गर्दा वित्तीय विकेन्द्रीकरण एवं राजश्व प्रणाली सम्बन्धी आधारभूत पक्षहरु कर आधार (Tax Base) र करदर (Tax Rate), करको दायरा ( Coverage Ratio), मूल्यांकन मापदण्ड (Valuation Ratio) र संकलन प्रणाली (Collection Ratio) को वस्तुनिष्ट बिश्लेषण र विवेचना हुनु आवश्यक छ । यस मध्ये राजश्व आधार (Tax Base) र करदर (Tax Rate) लाई नीतिगत औजारको रुपमा लिइन्छ भने करको दायरा (Coverage Ratio), मूल्यांकन मापदण्ड (Valuation Ratio) र संकलन प्रणाली (Collection Ratio) लाई नीतिगत तथा प्रशासनिक औजारको रुपमा लिइन्छ । यस आधारमा कर आधार र करदरलाई यथास्थितिमा पनि करको दायरा, मूल्यांकन मापदण्ड र पद्धति, संकलनसंग सम्बन्धित संयन्त्रको प्रभावकारी परिचालन, अनुगमन प्रणालीको स्थापना, नियमित समिक्षा, जनशक्तिको उचित र प्रभावकारी व्यवस्थापन, उत्पेरणा र दण्डका प्रावधान, कर सचेतना र आय व्ययको उचित उपयोग वारेमा पारदिर्शिता जस्ता पक्षमा गरिने सुधारले हालको संकलनमा २०० प्रतिशत राजस्व संकलन वृद्धि गर्न सकिने बिश्वास गरिन्छ ।

- **राजस्वको आधार (Tax Base)** : सामान्यतया राजश्व आधारको रुपमा सम्पत्ति, आम्दानी र वस्तु वा सेवा क्षेत्रलाई लिइन्छ । प्रचलित कानून अर्न्तगत स्थानीय तहलाई सम्पत्ति, आम्दानी र वस्तु वा सेवा क्षेत्रमा कर तथा गैर कर राजश्वका आधारहरु प्रमुख रहन्छ । यसै पृष्ठभूमीमा गाउँपालिकाले आन्तरिक श्रोत परिचालनका लागि के कस्तो शिर्षकबाट कर तथा गैरकर राजश्व संकलन गरिरहेको अवस्था छ भन्ने

कुराको समीक्षा गरी अभ्यासमा रहेको र अभ्यास भन्दा वाहिर रहेको राजश्व आधारहरुको समयसापेक्ष विश्लेषण गरी राजश्व क्षेत्र बिस्तारका लागि थप राजस्व श्रोतहरु पहिचान गर्ने गरिन्छ ।

- **करदर (Tax Rates)** : यस अन्तर्गत कानून बमोजिम लगाउन उठाउन पाउने कर तथा गैरकर राजश्व दरको समीक्षा र करका दरहरुमा आवश्यक परिमार्जन गर्दै कर प्रणालीलाई वैज्ञानिक, व्यवहारिक वनाइने छ। सम्पत्ति, आय वा वस्तु सेवामा कर प्रयोजनका लागि अभ्यासमा रहेको समदर, अनुदारदर र प्रगतिशिल करदर मध्ये प्रगतिशील र वैज्ञानिक करदर निर्धारण गर्ने गरिन्छ ।
- **करको दायरा (Ratio of Coverage)** : यस अन्तर्गत विद्यमान कानून बमोजिम सम्पत्ति, आय र वस्तु वा सेवा क्षेत्रमा कायम हुन सक्ने कूल करदाता संख्या र हाल कर प्रणालीमा आवद्ध वा करको दायरामा रहेका करदाता संख्याको अनुपात बिश्लेषण गरिन्छ। साथै करको दायरा वाहिर रहेका करदाताहरुको अनुपातको वस्तुनिष्ठ विश्लेषण गर्दै नसमेटिएका वा वाहिर रहेका करदाताहरुलाई समेत करको दायरामा ल्याउने विविध विधिहरु पहिचान गर्ने गरिन्छ ।
- **करयोग्य सम्पत्तिको मूल्यांकन (Valuation Ratio)** : यस अन्तर्गत कर राजश्वको प्रमुख आधार सम्पत्ति (अचल सम्पत्ति बिशेषत जमिन र भौतिक संरचना), आय वा कारोवार र वस्तु र सेवा क्षेत्रको वैज्ञानिक बिधिबाट वर्गिकरण र मूल्यांकन बिधि तयार गरी सोही आधारमा करदर निर्धाराण गरी राजश्व संकलन गर्ने गर्ने गरिन्छ। नेपालको सन्दर्भमा स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको सम्पत्तिकर प्रयोजनको लागि जमिन तथा भौतिक संरचनाहरुको प्रचलित कानून बमोजिम वैज्ञानिक र समयसापेक्ष रुपमा वर्गिकरण र मूल्यांकनको आधार अनि मापदण्ड निर्माण गरी सोही आधारमा राजश्व संकलन गर्ने बिधिहरु पहिचान गर्ने गरिन्छ ।
- **राजश्व प्रशासन तथा संकलन (Ratio of Collection)** : यस अन्तर्गत राजश्व प्रशासन तथा संकलन प्रणालीलाई करदातामैत्री तथा प्रविधिमैत्री बनाउन राजश्व नीति, कानून, संस्थागत संरचना, मानव संसाधन, संकलन प्रणाली, सूचना प्रविधि तथा अन्य बिकल्पहरुको प्रयोग र राजश्वको उपयोग सम्बन्धमा सुशासन र पारदर्शिता जस्ता बिद्यभान पक्षहरुको समीक्षा गर्दै राजश्व संकलन प्रणालीलाई करदातामैत्री र प्रविधिमैत्री बनाउन उपयुक्त बिकल्पहरुको विश्लेषण गर्ने गरिन्छ ।

# परिच्छेद - चार
# आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

हरिनास गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई यस परिच्छेदमा व्याख्या गरिएको छ। यसबाट गाउँपालिकाले आन्तरिक राजस्व परिचालन तथा पहिचानमा विषेश ध्यान दिनुपर्ने देखिन्छ । विद्यमान अवस्थामा यस गाउँपालिकाले आन्तरिक स्रोत परिचालनका लागि स्थानीयतहलाई प्राप्त अधिकार अनुसार यहाँको संभावना विश्लेषण गरि कार्ययोजना वनाईएकोमा आय संकलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न मद्दत पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्वन्धी नीति

हरिनास गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को स्वीकृत नीति तथा कार्यक्रम वमोजिम राजस्व परिचालन सम्बन्धी नीति यसप्रकार रहेका छन् :

क) गाउँपालिकाले लिदै आएको कर, राजस्व शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिने छ ।

ख) हाम्रो गाउँपालिका हाम्रो कर समृद्ध बनाउने हाम्रै रहर भन्ने नारालाई साकार पार्न राजस्वको आन्तरिक स्रोतको दायरालाई फराकिलो बनाईने छ ।

ग) टोल टोलमा करमैत्री प्रशासनको अभियान संचालन गरिने छ ।

## ४.२ आन्तरिक राजस्व संकलनको लागि संस्थागत क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रुपमा संकलन गर्ने भूमिका राजस्व प्रशासनको हुन्छ। अधिकांश निकायहरुमा खर्च गर्ने विषय प्राथमिकतामा पर्ने तथा आम्दानी गर्ने विषय ओझेल पर्नाले खर्चको आवश्यकता र सोको लागि आवश्यक सम्भाव्य स्रोत पनि नजुट्ने स्थिति सिर्जना हुन जान्छ। यस गाउँपालिकाको आन्तरिक राजस्व सम्बन्धी संस्थागत क्षमता विश्लेषण गरिएको छ ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ। स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार हुने व्यवस्था छ।

**तालिका नम्बर १४**
**राजस्व परामर्श समितिको संरचना**

| क.सं. | पद | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | उपाध्यक्ष, ईन्द्रा कुमारी थापा राना | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत , मुकुन्दराज पौडेल | सदस्य |
| ३ | वडा अध्यक्ष (३) , ओम प्रसाद सिग्देल | सदस्य |
| ४ | कार्यपालिका सदस्य, ईन्द्र कुमारी थापा | सदस्य |
| ५ | श्री नोल वहादुर थापा राजस्व/प्रशासन प्रमुख | सदस्य सचिव |

हरिनास गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री ईन्द्रा कुमारी थापा रानाको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरु हुने गरेको छ।

जसमा राजस्वको समीक्षा, लक्ष्य, वडास्तरमा उठेका राजस्व संचित कोषमा दाखिला, चोरी निकासी नियन्त्रण, राजस्वको अनुगमन, वार्षिक राजस्व अनुमान आदि विषयमा छलफल हुने गरेता पनि अझ  व्यापक मात्रामा छलफल गरि निति तथा कार्यक्रममा आउन नसकेको  पाईन्छ । साथै राजस्व परामर्श समितिका सदस्यहरुलाई राजस्वका स्रोतगत आधारमा यथार्थपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी परिपालना सम्बन्धी क्षमता विकास गर्न आवश्यक देखिन्छ ।

### ४.२.२ गाउँपालिकाको राजस्व प्रशासन

हरिनास गाउँपालिकाको राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउनु पर्ने महसुस गाउँपालिकाले गरेको छ । हाल गाँउपालिकामा राजश्व शाखामा राजश्व अधिकृत छैटौ तहको कार्यरत रहेको छ । गाँउपालिको कार्यालयवाट र वडा तहवाट कर संकलनको कार्य गर्ने गरिएको छ ।  वडामा संकलन भएको राजश्व मासिकरुपमा गाँउपालिकामा जम्मा गर्ने गरिएको छ । यद्यपी राजश्व प्रशासनलाई प्रभावकारी गराउनका लागि गाँउपालिकाले थप जनशक्ति परिचालन गर्न सुझाईएको छ ।  यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्य योजना तर्जुमा, मालपोतको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजस्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीको व्यवस्थापन गरी वडाबाट प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्य संचालन गर्नुपर्ने हुन्छ ।

साथै गाउँपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई आयका शीर्षकका विषयमा अभिमुखीकरण आवश्यक रहेको छ । साथै समितिको सदस्य सचिवलाई राजस्व परामर्श समितिको माइन्युट तथा अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण छ  सोहि अनुसार  आन्तरिक राजस्व कार्यान्वयन , ब्यवस्थापनका लागि ब्यापक सुधार गर्नु पर्ने देखिन्छ ।

### ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाँउपलिकाको विगत तिन आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको आन्तरिक आय विवरण अनुसार गाउँपालिकाले पहिलो वर्ष रु. २ करोड ११ लाख ८० हजार , त्यसपछिका वर्षहरुमा क्रमश: रु. ३६ लाख  ३८ हजार र रु ७६ लाख ५८ हजार, राजस्व संकलन हुँदै आएको पाइन्छ । गाउँपालिकाको आय ब्यय विवरण अनुसार पहिलो वर्ष आन्तरिक आय बढि र अरु आर्थिक वर्षमा क्रमश कमि भएको पाइन्छ । यस गाँउपालिकामा राजश्व संकलनका लागि विषेश पहल नभई  स्वत स्फुर्त संकलन भएको पाईयो त्यसैले आवश्वकता अनुसार नागरिकहरु कर तिर्न र सेवा लिन आउने भएकाले कुनै आ.व.मा वढ्ने र कुनै आ.व.मा कमि हुन गएको पाईयो । यस अवस्थालाई मध्येजनर राखी राजश्व सुधार कार्ययोजना तयार गरिएको छ ।  साथै यसरी आन्तरिक राजश्वको विवरणको विष्लेशण  गर्दा प्रत्यक्ष कर र गैर करको वास्तविक शिर्षक अनुसार राजस्व प्रक्षेपण  गरेको पाईदैन । त्यसैले जुन शिर्षकमा आय भएको हो सोहि अनुसार राजस्व उठाउने गरि कार्य योजना तयार गरिएको छ । आन्तरिक आयको विगत तिन आर्थिक वर्षको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नम्वर १५**
**आन्तरिक आय विवरण**

| क्र.स. | राजस्वका शिर्षकहरु | विगत तिन आ.व.को राजश्व विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | यथार्थ | | | अनुमानित | |
| | | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | |
| **१** | **कर राजस्व** | **२१,१८०,६५६** | **३,००३,९४१** | **३८३,०७९** | **५१५,०००** | |
| १.१ | सम्पत्ति कर | - | - | - | - | |
| १.२ | व्यवसाय कर | - | - | - | - | |
| १.३ | घर वहाल कर | - | - | - | १५,००० | |
| १.४ | विज्ञापन कर | - | - | - | - | |
| १.५ | मनोरञ्जन कर | - | - | - | - | |
| १.६ | सवारी साधान कर | - | - | - | - | |
| १.७ | मालपोत (भुमिकर) | - | ६१४,७८१ | २८७,७८४ | ५००,००० | |
| १.८ | जडिवुटी, कवाडी र जिवजन्तुकर | - | - | - | - | |
| १.९ | अन्य कर | २१,१८०,६५६ | २,३८९,१६० | ९५,२९५ | - | |
| **२** | **गैर कर राजस्व** | **-** | **६५४,७७०** | **७,२४९,३००** | **२,३८५,०००** | |
| २.१ | प्राकृतिक स्रोत बिक्री तथा निकासी | - | - | - | - | |
| २.२ | कृषि तथा पशुजन्य निकासी | | - | - | - | |
| २.३ | सेवा शुल्क (स्थानीय पूर्वाधार उपयोग सेवाशुल्क-सडक तथा अन्य) | - | - | - | - | |
| २.४ | व्यवसाय दर्ता तथा नविकरण दस्तुर | - | - | - | - | |
| २.५ | घर जग्गा रजिष्ट्रिसन शुल्क | - | - | ३४६,००४ | - | |
| २.६ | पर्यटन सेवा शुल्क | - | - | - | - | |
| २.७ | फोहरमैला व्यवस्थापन सरसफाई शुल्क | - | - | - | - | |
| २.८ | नाता प्रमाणित दस्तुर | - | - | - | १००,००० | |
| २.९ | अचल सम्पत्ति मूल्यांकन दस्तुर | - | - | - | - | |
| २.१० | सिफारिस दस्तुर | - | - | ७२२,२२५ | ९८५,००० | |
| २.११ | नक्सापास दस्तुर | - | - | - | - | |
| २.१२ | ब्यक्तिगत घटना दर्ता दस्तुर | - | - | - | २००,००० | |
| २.१३ | सामुदायिक वन रोयल्टी | - | - | - | - | |
| २.१४ | वहाल विटौरी शुल्क | - | - | - | - | |
| २.१५ | जफत, दण्ड तथा जरिवाना शुल्क | - | - | - | ५०,००० | |
| २.१६ | परिक्षा शुल्क तथा शिक्षा क्षेत्र | - | - | - | ५०,००० | |
| २.१७ | अन्य सिफारिस दस्तुर आदी | - | ६५४,७७० | ६,१८१,०७२ | १,०००,००० | |
| | **कुल आन्तरिक आय (१+२)** | **२१,१८०,६५६** | **३,६५८,७११** | **७,६३२,३७९** | **२,९००,०००** | |

**स्रोत :** गाँउपालिकाको आय ब्यय विवरण आ.व २०७६।७७, २०७७।७८ र २०७८।७९ (SUTRA/मलेनिका) तथा बेरुजु रकम समावेश गरिएको छैन ।

## ४.४ राजस्व परिचालनमा रहेका प्रमुख सवालहरु

संविधान तथा कानून प्रदत्त गाउँपालिकाको वित्तीय अधिकार अनुरुप राजस्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजस्व परिचालनका मुख्य सवालहरुमा नीतिगत व्यवस्था, दक्ष कर प्रशासन, करको दर र दायरा तथा बक्यौता असूली आदि रहेका छन् । यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### क) नीतिगत तथा कानुनी अवस्था :

गाउँपालिकाको राजस्व अधिकार सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, विभिन्न कार्यविधिहरु गाँउसभाबाट पारित भएको तर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सम्पत्ति कर सम्बन्धी नीति तर्जुमा गरी यस गाउँपालिकाको आन्तरिक आयको मुख्य स्रोतका रुपमा देखिएका सम्पत्ति कर, भूमिकर (मालपोत), व्यवसाय कर, सेवाशुल्क सम्बन्धी दर र सवै करदातालाई करको दायरामा ल्याउन करदाताको अभिलेखिकरण र कर सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

### ख) कानूनी द्विविधा :

कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन् । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) ले सामुदायिक बन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेबापत प्राप्त हुने रकमको दश प्रतिशत स्थानीय तहमा जम्मा गर्नुपर्ने व्यवस्था छ भने बन ऐन, २०७६ मा यससम्बन्धमा कुनै उल्लेख नगरी दफा २२ मा उपभोक्ता समितिले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सशक्तीकरण, गरिवी न्यूनीकरण, उद्यमशिलता विकास लगायतका कार्यमा खर्च गर्ने प्रावधान रहेको छ ।
यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्वन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनु पर्ने बाहेकका उद्योगहरुको दर्ता नवीकरण लगायतका कार्यहरु प्रदेश सरकारवाट हुने भनी उल्लेख भएको र प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७६ ले स्थानीय तहको उक्त अधिकार संकुचित गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्नगएको छ । यसरी कानूनहरूका बीच तालमेल नहुंदा स्थानीय तहलाई आन्तरिक आय प्राप्तिमा समस्याहरू आउने गरेकोछ ।

### (ग) राजस्व प्रशासन :

गाउँपालिकाको संगठन संरचना अनुसार १ जना अधिकृत छैटौ र सुब्बा सरहका कर्मचारीको दरबन्दी सिर्जना भएको देखिन्छ । राजस्व प्रशासन सुदृढ गर्न दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन गरी राजस्व शाखालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । राजस्व प्रशासनसँग सम्बन्धित गाउँपालिका तथा वडास्तरका कर्मचारीहरुलाई क्षमता विकास तालिम, सूचना प्रविधिमा आधारित राजस्व अभिलेख प्रणालीको व्यवस्था हुन आवश्यक छ । यसैगरी वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरी वडा कार्यालयहरु मार्फत राजस्व संकलनको व्यवस्थित प्रणालीको स्थापनाका साथै अनलाईन तथा बैंकिङ प्रणालीबाट राजस्व बुझाउने व्यवस्था गर्न सके राजस्व असुली चुस्त दुरुस्त हुने देखिन्छ ।
वडा कार्यालयहरुबाट असूल भएको राजस्व दाखिला गर्दा एकमुष्ट दाखिला नगरी कुन शिर्षकबाट उठेको राजस्व हो त्यसको लेखांकन गर्नु पर्दछ । त्यसैले वडाबाट राजस्व बुझ्दा आर्थिक प्रशासन वा राजस्व शाखाले फाराममा

विवरण भर्न लगाई राजस्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ। यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजस्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ। राजस्व शाखा वा आर्थिक प्रशासन शाखाले यसरी फारामको आधारमा शिर्षकगत राजस्व खातामा आम्दानीको अभिलेख गर्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ।

**घ. अन्य सवालहरु**

- करदर महङ्गो भएको।
- घरेलु कार्यालय, कर कार्यालय र गाउँपालिकालाई समेत व्यवसाय कर तिर्नु पर्दा दोहोरो कर भएको।
- कर तिर्ने र कर नतिर्ने वीच भिन्नता नदेखिएको।
- कर भुक्तानी गर्नेतर्फ करदाताहरु उदासिनता।
- घर तथा जग्गाहरुको मूल्यांकन प्रयोजनका आधारमा अलग अलग हुने गरेको।
- राजस्व प्रशासन अनलाइन तथा डिजिटलाइज हुन नसकेको
- सम्भावित करदाताहरुलाई कर संजालमा ल्याउन गाह्रो
- निजी क्षेत्रहरु राजस्व वृद्धि हुने क्षेत्रहरुमा लगानी गर्न अनिच्छुक
- करको दायरा विस्तार गर्न कठिन

# परिच्छेद - पाँच :
# राजस्व सुधार कार्ययोजना तर्जुमा

## ५.१ कर राजस्व सुधार योजना तर्जुमा

कर राजस्व अन्तर्गत सम्पत्ति कर, भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडीवुटी, कवाडी तथा जीवजन्तु कर रहेका छन् । उपरोक्त करहरुको सुधारका लागि गाउँपालिकाको देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा भएको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका श्रोतहरु पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर सञ्जालमा आवद्ध गरी कर संकलनमा प्रभावकारीता ल्याई संकलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै कर राजस्वलाई गाउँपालिकाको दिगो, भरपर्दो र मुख्य आय श्रोतको रुपमा स्थापित गर्नु ।

**ख) रणनीतिहरु**

१ कर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
२ कर तिर्ने अभ्यास विकास गर्न नागरिकलाई प्रोत्साहित गर्ने
३ राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने
४ कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने
५ करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्ष वनाउने
६ संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने
७ करको दायरा बढाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति- १ अन्तर्गतको कर राजस्व परिचालनका लागि ऐन कानुन तर्जुमा अन्तर्गतको कार्यनीतिहरु**

१. गाउँपालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समय सापेक्ष वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा गाउँपालिकाको आर्थिक ऐन संशोधन, परिमार्जन गरिनेछ ।
२. कर राजस्व र गैरकर राजस्व सम्वन्धी व्यवस्थापनका लागि ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । यसैका आधारमा जडीवुटी कवाडी तथा जीवजन्तु कर, प्राकृतिक श्रोत संकलन (वालुवा, गिट्टी, ढुङ्गा, दहत्तर वहत्तर) लगायतका लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. गाउँपालिका भित्र नियमित रुपमा संचालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।
४. ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय साना सवारी साधन सञ्चालन सम्वन्धी कार्यविधि निर्माण गरिनेछ ।
५. स्थानीय पूर्वाधार सेवा (खानेपानी, स्थानीय सडक, स्थानीय विद्युत) उपयोगवाट राजस्व संकलनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को कर तिर्ने अभ्यास विकासका लागि नागरिकलाई प्रोत्साहित गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
२. आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिइनेछ ।

३. करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ ।
४. ठूला करदाताहरुलाई गाउँपालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिइनेछ ।
५. कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गरिनेछ ।
६. वडा एवं समुदायस्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ३ को राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. करदाता पहिचानका लागि घरधुरी सर्वेक्षण एवं तथ्याङ्क सङ्कलन गरिनेछ ।
२. सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु कर लगायतका करदाताहरुको अभिलेख खण्डीकृत र विस्तृत विवरण तयार पार्ने र लगत नियमित अद्यावधिक गरिनेछ ।
३. घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गरिनेछ ।
४. गाउँपालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण संकलन गरी लगत अद्यावधिक गरिनेछ ।
५. गाउँपालिका भित्र नियमित सञ्चालित स्थानीय साना सवारी साधनलाई नम्वरिङ गर्ने सोको अभिलेख राखिनेछ ।
६. राजस्व शाखामा तथ्याङ्कहरु अभिलेखका लागि कम्प्युटर सफ्टवेयर प्रयोगमा ल्याउने । संचालनमा रहेको विद्यमान अभिलेखीकरण प्रणालीलाई अद्यावधिक गरिनेछ ।

**रणनीति ४ को कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व सङ्कलनमा वैकिङ् प्रणाली अवलम्वन गरिनेछ ।
२. राजस्व संकलन तथा भुक्तानीका लागि डिजिटाइज गरिने छ ।
३. कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सेवा उपलव्ध गराइनेछ ।
४. संकलित राजस्व विवरण कार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गरिनेछ ।

**रणनीति ५ को करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व संकलनमा प्रगतिशिल करदर प्रणाली लागु गरिनेछ ।
२. कर वृद्धिका लागि नयाँ नयाँ क्षेत्रहरु पहिचान गरिनेछ । करको दररेटलाई सक्दो न्यून वनाउदै दायरा फराकिलो पारिनेछ ।
३. भूउपयोग, जग्गाको उपयोगता र मूल्यको आधारमा भूमि वर्गीकरण एवं रेखाङ्कन गरिनेछ र सोका आधारमा करदर निर्धारण गरिनेछ ।
४. व्यवहारिक एवं वैज्ञानिकताका लागि विद्यमान करदरलाई परिमार्जन एवं संशोधन गरिनेछ ।
५. व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गरिनेछ ।
६. जडीवुटी, तथा कवाडी आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गरिनेछ ।
७. करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गरिनेछ ।

**रणनीति ६ को संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१. संकलित राजस्वलाई आय वृद्धि हुने क्षेत्रवारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गरिनेछ ।

२. निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, प्राविधिक शिक्षालय, अस्पताल, कृषि उपज संकलन केन्द्र, पर्यटकीय स्थलहरु निर्माणहरुमा लगानी गरी राजस्व अभिवृद्धि गरिनेछ ।

३. वहुउद्देश्यीय उपयोगका अवधारणामा वडा कार्यालयहरुलाई निर्माण गरी अत्यावश्यक सेवाहरु उपलव्ध गरिनेछ ।

४. कृषि र गैरवन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरी उद्योग व्यवसायहरुको स्थापनामा सहयोग गरिनेछ ।

**रणनीति ७ को करहरुको दायरा बढाउने अन्तर्गतका कार्यनीतिहरु :**

१. प्रत्येक्ष कर र गैरकरको संभावनालाई समेत मध्येजनर राखी तथ्याङ्क संकलन तथा अद्यावधिक गरिनेछ

२. करको दर अनुसार क्रमस दायरा बढाउदै लगिने छ ।

## घ) कर राजस्व सुधार कार्ययोजना

| | तालिका नम्वर १६<br>कर राजस्व सुधार कार्ययोजना | | | |
|---|---|---|---|---|
| **क.सं.** | **सुधारका लागि गर्नुपर्ने कार्यहरू** | **बजेट** | **समयावधि** | **जिम्मेवारी** |
| **क)** | **सम्पति कर** | | | |
| १. | सम्पत्ति (जग्गा र भौतिक संचरना) को लगत खडा गरी न्यूनतम मूल्यांकन गर्ने | ५०,००० | २०८० आश्विन मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँ सभा |
| २. | सम्पत्ति कर व्यवस्थापन कार्यविधि परिमार्जन गर्ने | ५०,००० | २०८० असार मसान्त सम्म | गाउँकार्यपालिका |
| ३. | सम्पत्ति करदर परिमार्जन गर्ने | आन्तरिक जनशक्तिवाट | २०८१ असार मसान्त सम्म | |
| ४. | सम्पत्ति (जग्गा र भौतिक संचरना) को स्वयं घोषणा अभियान सञ्चालन गर्ने | २०,००० | २०८० श्रावण देखि नियमित | गाउँपालिका, वडा कार्यालयहरु |
| ५. | सम्पत्ति कर सम्वन्धी करदाताहरुको अभिलेख अद्यावधिक गर्दै करदाता नम्वर वितरण गर्ने | २००,००० | २०८० श्रावण देखि नियमित | राजस्व शाखा र वडा कार्यालयहरु |

| | | | | |
|---|---|---|---|---|
| **ख)** | **घर जग्गा वहाल कर** | | | |
| ६. | गाउँपालिका भित्र संस्थागत, व्यवसायिक वा व्यक्तिगत प्रयोजनले बहालमा रहेका घरजग्गाको तथ्यांक सकलन गर्ने | ५०,००० | २०८० असार मसान्त सम्म | राजस्व शाखा वडा सचिव |
| ७. | घरजग्गा वहाल कर सम्वन्धी कार्यविधि परिमार्जन गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० असार मसान्त सम्म | राजस्व परामर्श समिति र गाउँसभा |
| **ग)** | **व्यवसाय कर** | | | |
| ८. | गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि पालिकामा अनिवार्य दर्ता गर्नु पर्ने व्यवस्था गर्न सबै व्यवसायीलाई सुचित गर्ने | ३०,००० | २०८० साउन देखि नियमित | राजस्व परामर्श समिति, राजस्व शाखा |
| ९. | व्यवसाय कर व्यवस्थापन सम्वन्धी कार्यविधि परिमार्जन गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० कार्तिक मसान्त सम्म | राजस्व परामर्श समिति गाउँसभा |
| १०. | दर्ता भएका (सूचीकृत) व्यवसायहरुको लगत अद्यावधिक गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० श्रावण देखि नियमित | राजस्व शाखा र वडा कार्यालयहरु |
| **घ)** | **जडिवुटी, कवाडी, जीवजन्तु कर** | | | |
| ११. | जडिवुटी, कवाडी र जीवजन्तु कर संकलन हुने स्थान र परिमाण जानकारीका लागि तथ्याङ्क संकलन गर्ने | २५,००० | २०८० भाद्र मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |
| १२. | जडीवुटी जीवजन्तु तथा कवाडी कर कार्यविधि तर्जुमागर्ने | आन्तरिक जनशक्तिवाट | २० ८० मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| **ङ)** | **विज्ञापन कर** | | | |
| १३. | न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० असार मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |
| १४. | प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुमागर्ने | आन्तरिक जनशक्तिवाट | २०८० असार मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| **च)** | **सवारी साधन कर** | | | |
| १५. | गाउँपालिका क्षेत्रमा संचालित सवारी साधनहरुको अभिलेख अद्यावधिक गर्ने | ३०,००० | २०८० जेष्ठ मसान्त सम्म | राजस्व उपशाखा, वडा कार्यालयहरु |
| १६. | प्रदेश कानुन वमोजिम विज्ञापन कर कार्यविधि तर्जुमा गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० असार मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| छ) | मनोरन्जन कर | | | |
| १७ | पर्यटकिय तथा पार्क क्षेत्रको पहिचाहन तथा अभिलिखिकरण गर्ने | २०,००० | २०८० भाद्र मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |

| | | | | |
|---|---|---|---|---|
| १८ | पर्यटकिय तथा पार्क क्षेत्रको कर कार्यविधि तर्जुमा गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० मंसिर मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |

## ५.२ गैरकर राजस्व सुधार योजना तर्जुमा

यस अन्तर्गत गाउँपालिकावाट गरिने सिफारिस, प्रमाणीकरण, र संघ संस्थाहरुको दर्ता, इजाजत, अनुमति, नवीकरण, अचल सम्पत्तिको मूल्यांकन जस्ता सेवा सुविधाहरु उपलब्ध गराए वापतको शुल्क, दस्तुर एवं प्राकृतिक श्रोतको विक्रीहरु रहेका छन् । उपरोक्त गैरकरहरुको सुधारका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको अधिकार क्षेत्रभित्रका गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान, विस्तार गरी नागरिकहरुलाई प्रभावकारी, गुणस्तरीय सेवा सुविधाहरु न्यूनतम शुल्क तथा दस्तुरमा उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आयमा वृद्धि ल्याउनु ।

**ख) रणनीति**

१. गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने ।
२. गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार गर्ने ।
३. सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा अन्तर्गतका कार्यनीतिहरु**

१. प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, दहत्तर, वहत्तर आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।
३. सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गरिनेछ ।
४. स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति २ को गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्वका आधारक्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गरि लगत अद्यावधिक गरिनेछ ।
२. स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु सञ्चालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
३. स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गरिनेछ ।
४. निजीक्षेत्र, सहकारी संस्थासंगको सहकार्यमा फोहोरमैला व्यवस्थित गरिनेछ ।

**रणनीति ३ को सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गरिनेछ ।

२. स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गरिनेछ ।

३. भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क, दस्तुरहरुमा छूट व्यवस्था गरिनेछ ।

४. एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गरिनेछ ।

## घ) गैरकर राजस्व सुधार कार्ययोजना

| | तालिका नम्वर १७<br>गैरकर राजस्व सुधार कार्ययोजना | | | |
|---|---|---|---|---|
| **क.सं.** | **सुधारका लागि गर्नुपर्ने कार्यहरू** | **बजेट** | **समयावधि** | **जिम्मोवारी** |
| **क)** | **प्राकृतिक श्रोत उपयोग** | | | |
| १७. | प्राकृतिक श्रोत उपयोग गर्ने सम्वन्धी कार्यविधि तर्जुमागर्ने | १००,००० | २०८० भाद्र मसान्त सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| १८. | सम्भाव्य स्थलहरुको आइइ परिक्षण गर्ने आवश्यक परेमा र सो अनुसारको परिमाण एकिन गर्ने | ५००,००० | २०८० पौष मसान्त सम्म | प्राविधिक शाखा र प्रशासकीय अधिकृत |
| १९. | संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर कार्य सुनिश्चित गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० कार्तिक मसान्त देखि नियमित | राजस्व परामर्श समिति गाउँकार्यपालिका |
| **ख)** | **नक्सापास दस्तुर** | | | |
| २०. | पुराना घरको अभिलेखीकरण/अद्यावधिकरण तथा नयाँ घरको नक्सा पास अनिवार्य गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गर्ने | २०,००० | २० ८० असार देखि नियमित | प्राविधिक शाखा, वडा कार्यालयहरु र कार्यपालिका |
| २१. | नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० श्रावण देखि नियमित | राजस्व शाखा वडा कार्यालयहरु |
| २२. | घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने | आन्तरिक जनशक्तिवाट | २०८० श्रावण देखि नियमित | प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखा र वडा कार्यालयहरु |
| **ग)** | **बहाल विटौरी शुल्क** | | | |
| २३. | सम्भावित वहाल विटौरी शुल्कलाई परिमार्जन गर्दै कार्यविधि तर्जुमा गर्ने | ५०,००० | २०८० असार सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| २४. | सरकारी, पर्ति र ऐलानी जग्गाको पहिचान गरी सो को उपयोग गर्नेको अभिलेख अद्यावधिक गर्ने | २५,००० | २०८० असार जेष्ठ सम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| **घ)** | **सेवा शुल्क, दस्तुर तथा विविध आय** | | | |

| | तालिका नम्वर १७<br>गैरकर राजस्व सुधार कार्ययोजना | | | |
|---|---|---|---|---|
| **क.सं.** | **सुधारका लागि गर्नुपर्ने कार्यहरू** | **बजेट** | **समयावधि** | **जिम्मोवारी** |
| २५. | शुल्क तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दरमा आवश्यक परिमार्जन गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० असार मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँसभा |
| ङ) | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | | |
| २६. | गाउँपालिकालाई दीर्घकालीन आय आर्जन हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने<br>- हाट बजार संचालन<br>- उद्यमशिलता विकास<br>- औद्योगिक ग्राम<br>- फोहोर प्रशोधन केन्द्र<br>- स्थानीय पूर्वाधार सेवाहरु | ३००,००० | २०८० फागुन मसान्त सम्म | गाउँकार्यपालिका |
| २७. | गाउँपालिका क्षेत्रभित्र पर्यटकीय पूर्वाधार बिकास सहित होमस्टे, रिसोर्ट सञ्चालनका लागि निजी क्षेत्र, सहकारी संस्थासंग सहकार्य गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, गाउँकार्यपालिका |
| २८. | व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, प्राविधिक शिक्षालय, अस्पताल, फोहोर संकलन केन्द्र, चिस्यान केन्द्र, सार्वजनिक शौचालय जस्ता भौतिक पूर्वाधार बिकासमा सार्वजनिक निजी साझेदारी मोडेलमा निर्माण, संचालन तथा हस्तान्तरण, लिज, सेवा करार, व्यवस्थापन करार जस्ता बिधि पद्धति मार्फत राजस्व सुधार कार्यक्रम संचालन गर्ने | ५०,००० | २०८० साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिका |

## ५.३ राजस्व प्रशासन सुधार योजना तर्जुमा

यस हरिनास गाउँपालिका अन्तर्गत यसको राजस्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास तथा व्यवस्था एवं प्रविधिको प्रयोग जस्ता पक्षहरु रहेका छन् । उपरोक्त कार्यका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

गाउँपालिकाको राजस्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शि एवं प्रविधियुक्त वनाउनु ।

**ख) रणनीति**

१. गाउँपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने ।
२. राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि वनाउने ।
३. राजस्व प्रशासनलाई सरल , सहज, र प्रविधियुक्त वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को गाउँपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तयगर्ने अन्तर्गका कार्यनीतिहरु**

१. राजस्व सुधार एवं परिचालनका लागि गाउँपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित मध्यकालीन नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
२. मध्यकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखामा अधिकृत, प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी कार्यपालिका व्यवस्था गरिनेछ ।
२. वडा कार्यालयवाट राजस्व सङकलन गर्ने आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ ।
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई क्रियाशील वनाइनेछ ।
४. नागरिकहरुको अचल सम्पत्ति मूल्यांकनका लागि प्राविधिकहरु समेत रहने गरी गाउँपालिका स्तरीय सम्पत्ति मूल्यांकन समिति गठन गरिनेछ ।
५. गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
६. राजस्व प्रशासनका विधि प्रक्रिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रम वारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
७. सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
८. गाउँपालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गरिनेछ ।

**रणनीति ३ को राजस्व प्रशासनलाई सहज, सरल र प्रविधियुक्त वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखा एवं वडा कार्यालयमा समेत कम्प्युटर प्रणाली आइसिटि प्रयोगमा ल्याइनेछ ।
२. वडा कार्यालयहरु सहित कार्यपालिकामा सुचना प्रविधिका पूर्वाधार (तिव्रगतिको इण्टरनेट, कम्प्युटर ) तयार गरिनेछ ।
३. राजस्व सम्वन्धी कार्यका लागि विश्वासनिय तथा भरपर्दो अनलाइन सेवा प्रदान गरिनेछ ।
४. वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रक्रिया मार्फत राजस्व सङ्कलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गरिनेछ ।
५. मोवाइल एप्सको विकास गरी राजस्व सम्वन्धी पूर्ण जानकारी करदाताहरुलाई गराइने छ ।

## घ) राजस्व प्रशासन सुधार कार्ययोजना

**तालिका नम्वर १८**
**राजस्व प्रशासन सुधार कार्ययोजना**

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | बजेट | समयावधि | जिम्मोवारी |
|---|---|---|---|---|
| **क)** | **संगठानिक स्वरुप तथा संस्थागत क्षमता** | | | |
| २९. | राजस्व शाखामा राजस्व सम्बन्धी सम्पुर्ण दस्तावेज तथा तथ्यांकको अभिलेख राख्ने | २००,००० | नियमित | राजस्व उपशाखा |
| ३०. | राजस्व शाखामा कर्मचारीको व्यवस्था तथा प्रभाकारी परिचालन गर्ने | आन्तरिक जनशक्तिवाट | नियमित | कार्यपालिका |

| | तालिका नम्वर १८<br>राजस्व प्रशासन सुधार कार्ययोजना | | | |
|---|---|---|---|---|
| **क.सं.** | **सुधारका लागि गर्नुपर्ने कार्यहरू** | **बजेट** | **समयावधि** | **जिम्मोवारी** |
| ३१. | राजस्व प्रशासनका कर्मचारी (वडा सचिव समेत)लाई क्षमता तालिम व्यवस्था गर्ने | १००,००० | २०८० असार सम्म | प्रमुम प्रशासकीय अधिकृत |
| ३२. | राजस्व असुलीमा प्रयोग हुँदै आएको कम्प्युटर सफ्टवेयरमा आवश्यक सुधार गर्ने । | ३००,००० | २०८० असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| ३३. | वडा सचिवहरुको बैठक नियमित ( कम्तिमा त्रैमासिक) राखी राजस्व असुलीको अवस्था, भोगेका समस्या तथा एकरुपता ल्याउन छलफल गर्ने | आन्तरिक जनशक्तिवाट | त्रैमासिक | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| **ख)** | **कानूनी तथा नीतिगत व्यवस्था** | | | |
| ३४. | आवश्यक ऐन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने | ५००,००० | २० ८० फागुन मसान्त सम्म | राजस्व परामर्श समिति गाउँसभा |
| ३५. | राजस्व नीति सामर्थ्यमा आधारित तथा करदातामैत्री बनाउने | आन्तरिक जनशक्तिवाट | २०८० साउन मसान्त सम्म | कार्यपालिका |
| **ग)** | **प्रवर्द्धन, समन्वय, अनुगमन र समीक्षा** | | | |
| घटा #^ | **राजश्व अधिमुखिकरण कार्यक्रम संचालन गर्ने** | १००,००० | साउन/पौष/असार | राजस्व शाखा |
| ३७. | राजस्वसंग सम्बन्धित सरोकारवालाहरु संग नियमित समन्वय तथा छलफल गर्ने | ६०,००० | पौष/असार | राजस्व शाखा |
| ३८. | स्थानीय राजस्व परामर्श समितिको बैठक नियमित बसी राजस्व संकलन प्रगतिको समीक्षा गरी सुधारका कदम चाल्ने | आन्तरिक जनशक्तिवाट | असोज/पौष/चैत्र/असार | राजस्व शाखा |
| **घ)** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने** | | | |
| ३९. | कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने । कृयाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक बजेटको व्यवस्था गर्ने | आन्तरिक जनशक्तिवाट | २०८० साउन देखि नियमित | राजस्व शाखा प्रमुख प्रशासकीय अधिकृत |
| ४०. | आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने । कृयाकलापहरुमा आवश्यक परिमार्जन गर्दै जाने | ५०,००० | २०८० साउन देखि नियमित | राजस्व शाखा प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद - छ
# त्रिवर्षीय राजस्व प्रक्षेपण

## राजस्व प्रक्षेपण

गाउँपालिकाको आगामी आर्थिक वर्षहरु (२०८०/८१ देखि २०८२/८३) का लागि राजस्व प्रक्षेपण गरिएको छ । राजस्व प्रक्षेपण राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको हो । आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुनसक्ने योगदान तथा प्रभावलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ । जुन शिर्षकहरुमा विगतका वर्षमा आय प्राप्त भएको छैन वा एकमुष्ठरुपमा एउटै शिर्षकमा राखिएकोछ त्यसलाई गाउँपालिकाको वर्तमान अवस्था र संभावनालाई मध्यनजर राखेर आय प्रक्षेपणका आधारहरुलाई शिर्षकगत रुपमा देहाय बमोजिम व्याख्या गरिएको छ ।

### ६.१ राजस्व प्रक्षेपणको आधार

**तालिका नम्बर १९**
**राजस्व प्रक्षेपणका आधारहरु**

| क.सं. | राजस्व शिर्षक | प्रक्षेपणको आधार |
|---|---|---|
| क) | **आन्तरिक आय तर्फ** | |
| १. | सम्पत्ति कर | आव २०७९/८० मा गाउँपालिकाले प्रस्ताव नगरेको तर वस्ती तथा घरको बनावट र संभावनाको आधारमा कर संकलन हुन सक्ने भएकाले आ.व २०८०।८१ मा अनुमान गरेको र सो पश्चात क्रमस : ३० र ६० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| २. | घरजग्गा बहाल कर | विगतको आवको यथार्थ र आव २०७९/८० मा गाउँपालिकाले प्रस्ताव गरेको अनुमानमा कर संकलन हुन सक्ने र सो पश्चात ३० र ६० क्रमस प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ३. | व्यवसाय कर | आव २०७९/८० मा गाउँपालिकाले प्रस्ताव नगरेको तर यस क्षेत्रमा विभिन्न किसिमका ब्यवसाय संचालन भएकाले संभावनाका आधारमा आ.वं २०८०।८१ मा अनुमान गरेको सो पश्चात ३० र ६० क्रमस प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ४. | सवारी साधन कर | आव २०७९/८० मा गाउँपालिकाले प्रस्ताव नगरेको तर आर्थिक ऐनमा ब्यवस्था गरेकोले संभावनाका आधारमा पहिलो वर्ष पश्चात हरेक वर्ष क्रमस ३० र ६० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ५. | विज्ञापन कर | आव २०७९/८० मा गाउँपालिकाले प्रस्ताव नगरेको तर आर्थिक ऐनमा ब्यवस्था गरेकोले संभावनाका आधारमा पहिलो वर्ष पश्चात हरेक वर्ष ३० र ६० क्रमस प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ६. | घरनक्सा पास | आव २०७९/८० मा गाउँपालिकाले प्रस्ताव नगरेको तर आर्थिक ऐनमा ब्यवस्था गरेकोले संभावनाका आधारमा पहिलो वर्षको प्रस्तावित पश्चातका वर्षहरुमा क्रमशः ३० र ६० क्रमस प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ७. | सिफारिस, प्रमाणित एवं सेवा शुल्क | आव २०७९/८० मा गाउँपालिकाले प्रस्ताव गरेको अनुमानमा आधारमा र सो पश्चातका कार्ययोजनाका वर्षहरुमा क्रमशः १०, ३० र ६०० क्रमस प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| ८. | स्थानीय पूर्वाधार सेवा उपयोग | आगामी दुई वर्षका लागि पूर्वाधारमा लगानी हुने हुन सक्ने संभावनाकाका आधारमा |

| | | |
|---|---|---|
| ९. | प्राकृतिक श्रोत ढुङ्गा, वालुवा गिट्टी | आव २०७९/८० मा गाउँपालिकाले प्रस्ताव नगरेको तर आर्थिक ऐनमा व्यवस्था गरेकोले संभावनाका आधारमा कार्ययोजनाका वर्षहरुमा क्रमशः १०, ३० र ६० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| १०. | हाटवजार संचालन | आगामी दुई वर्षका लागि पूर्वाधारमा लगानी हुने हुन सक्ने अनुमानका आधारमा |
| ११. | दण्ड जरिवाना | हरेक वर्ष १० प्रतिशतका दरले वृद्धि हुन सक्ने अनुमानका आधारमा |
| **ख** | **वाह्य श्रोत** | |
| १२. | संघीय सरकारबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण,शसर्त, विषेश समपुरक) र राजस्व वाँडफाँड | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| १३. | प्रदेश सरकार : हुने अनुदान (वित्तीय समानीकरण,शसर्त, विषेश समपुरक) र राजस्व वाँडफाँड | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान |

## ६.२ त्रिवर्षीय राजस्व प्रक्षेपण

**क) आन्तरिक आयको प्रक्षेपण** : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण निम्न अनुसार छ।

## तालिका नम्वर २०
## त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक आय

| राजस्वका शिर्षकहरु | आ.व.०७८।७९ | | आ.व.०७९।८० अनुमानित | आगामी तिन आर्थिक वर्षको प्रक्षेपण रकम रु | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | अनुमानित | यथार्थ | | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ | आ.ब. २०८२/८३ | |
| **कर राजस्व** | १,२००,००० | ३७४,०७९ | ५१५,००० | १,०२३,५०० | १,३२२,५५० | २,०८३,८८० | |
| सम्पत्ति कर | - | - | - | ८०,००० | ९६,००० | १३४,४०० | |
| ब्यवसाय कर | - | - | - | ५०,००० | ६५,००० | ९१,००० | |
| घरजग्गा वहाल कर | - | - | १५,००० | १३,५०० | १७,५५० | २८,०८० | |
| विज्ञापन कर | - | - | - | ३०,००० | ३९,००० | ६२,४०० | |
| मनोरञ्जन कर | - | - | - | १०,००० | १३,००० | २०,८०० | |
| सवारी साधान कर | - | - | - | २०,००० | २६,००० | ४१,६०० | |
| मालपोत (भुमिकर) | ४००,००० | २७८,७८४ | ५००,००० | ८००,००० | १,०४०,००० | १,६६४,००० | |
| जडिबुटी, कवाडी र जिवजन्तुकर | - | - | - | २०,००० | २६,००० | ४१,६०० | |
| अन्य कर | ८००,००० | ९५,२९५ | - | - | ० | ० | |
| **गैर कर राजस्व** | १,२००,००० | ७,८६८,३३२ | २,४८५,००० | ४,३८०,००० | ५,६५५,००० | ९,०४८,००० | |
| प्राकृतिक स्रोत बिक्री तथा निकासी | - | ९६५,०३५ | - | २०,००० | २६,००० | ४१,६०० | |
| कृषि तथा पशुजन्य निकासी | - | - | - | २०,००० | २६,०००.०० | ४१,६००.०० | |
| सेवा शुल्क (स्थानीय पूर्वाधार उपयोग सेवाशुल्क-सडक तथा अन्य) | - | - | - | ३०,००० | ३९,०००.०० | ६२,४००.०० | |
| ब्यवसाय रजिष्ट्रेसन दर्ता तथा नविकरण दस्तुर दस्तुर | - | - | - | ५००,००० | ६५०,००० | १,०४०,००० | |
| घर जग्गा रजिष्ट्रेसन शुल्क | - | - | १००,००० | ३००,००० | ३९०,००० | ६२४,००० | |
| पर्यटन सेवा शुल्क | - | - | - | २०,००० | २६,००० | ४१,६०० | |
| फोहरमैला ब्यवस्थापन सरसफाई शुल्क | - | - | - | २०,००० | २६,००० | ४१,६०० | |
| नाता प्रमाणित दस्तुर | - | - | १००,००० | २००,००० | २६०,०००.०० | ४१६,०००.०० | |
| अचल सम्पत्ति मूल्यांकन दस्तुर | - | - | - | ३०,००० | - | - | |
| सिफारिस दस्तुर | ३००,००० | ७२२,२२५ | ९८५,००० | १,२००,००० | १,५६०,००० | २,४९६,००० | |
| नक्सापास दस्तुर | - | - | - | ५०,००० | ६५,००० | १०४,००० | |
| ब्यक्तिगत घटना दर्ता दस्तुर | - | - | २००,००० | २००,००० | २६०,००० | ४१६,००० | |
| सामुदायिक वन रोयल्टी | - | - | - | ५०,००० | ६५,००० | १०४,००० | |
| वहाल विटौरी शुल्क | - | - | - | ३०,००० | ३९,००० | ६२,४०० | |
| जफत, दण्ड तथा जरिवाना शुल्क | - | - | - | ५०,००० | ६५,००० | १०४,००० | |
| परिक्षा शुल्क | - | - | ५०,००० | ७०,००० | ९१,००० | १४५,६०० | |
| स्थानीय पुर्वाधार उपयोग शुल्क | - | - | - | २०,००० | २६,०००.०० | ४१,६००.०० | |
| न्यायिक दस्तुर | | | ५०,००० | ७०,००० | ९१,०००.०० | १४५,६००.०० | |
| अन्य दस्तुर (सिफारिस, प्रमाणित आदी) | ९००,००० | ६,१८१,०७२ | १,०००,००० | १,५००,००० | १,९५०,०००.०० | ३,१२०,०००.०० | |
| **कुल आन्तरिक आय (१+२)** | २,४००,००० | ८,२४२,४११ | ३,०००,००० | ५,४०३,५०० | ६,९७७,५५० | ११,१३१,८८० | |
| **वार्षिक बृद्धि दर** | | | | | ३०% | ६०% | |

## ख) वाह्य श्रोतको अनुमान :

**तालिका नम्वर २१**

**त्रिवर्षीय राजस्व प्रक्षेपण : वाह्य श्रोत**

| क्र.स. | राजस्वका शिर्षकहरु | आ.व.०७९।८० आधार वर्ष ( विनियोजित) | आगामी तिन आर्थिक वर्षको प्रक्षेपण रकम रु | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ | आ.ब. २०८२/८३ | कैफियत |
| १ | **वित्तीय हस्तान्तरण** | | | | | |
| **१.१** | **संघीय सरकार** | **३१४,२५०,०००** | **३२९,९६२,५००** | **३४६,४६०,६२५** | **३६३,७८३,६५६** | |
| १.१.१ | समानीकरण | ९३,३००,००० | ९७,९६५,००० | १०२,८६३,२५० | १०८,००६,४१३ | |
| १.१.२ | सशर्त | १८०,०५०,००० | १८९,०५२,५०० | १९८,५०५,१२५ | २०८,४३०,३८१ | |
| १.१.३ | समपुरक | १६,०००,००० | १६,८००,००० | १७,६४०,००० | १८,५२२,००० | |
| १.१.४ | विशेष | २४,९००,००० | २६,१४५,००० | २७,४५२,२५० | २८,८२४,८६३ | |
| **१.२** | **प्रदेश सरकार** | **२०,१८३,०००** | **२३,१९२,१५०** | **२४,३५१,७५८** | **२५,५६९,३४५** | |
| १.२.१ | समानीकरण | १०,१८३,००० | १०,६९२,१५० | ११,२२६,७५८ | ११,७८८,०९५ | |
| १.२.२ | सशर्त | - | २,०००,००० | २,१००,००० | २,२०५,००० | |
| १.२.३ | समपुरक | ५,०००,००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | |
| १.२.४ | विशेष | ५,०००,००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | |
| २ | **राजस्व बाँडफाँट (संघीय)** | **७९,५४७,०००** | ८३,५२४,३५० | ८७,७००,५६७.५० | ९२,०८५,५९६ | |
| ३ | **राजस्व बाँडफाँट (प्रदेश)** | **-** | **३,०००,०००** | ३,१५०,००० | ३,३०७,५०० | |
| | **कुल जम्मा** | **४१३,९८०,०००** | **४३९,६७९,०००** | **४६१,६६२,९५०** | **४८४,७४६,०९८** | |

स्रोतः गाउँपालिकाको आ.व. २०७९।८० निति तथा कार्यक्रम (घरजग्गा रजिष्ट्रेसन दस्तुर आन्तरिक आयमा समावेस गरिएको )

## ग) आन्तरिक आय र वाह्य आय संक्षिप्त प्रक्षेपण :

**तालिका नम्वर २२**

**त्रिवर्षीय राजस्व प्रक्षेपण : आन्तरिक तथा वाह्य श्रोत**

| क्र.स. | राजस्वका शिर्षकहरु | आ.व.०७९।८० आधार वर्ष ( विनियोजित) | आगामी तिन आर्थिक वर्षको प्रक्षेपण रकम रु | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ | आ.ब. २०८२/८३ | कैफियत |
| १ | **वित्तीय हस्तान्तरण** | | | | | |
| **१.१** | **संघीय सरकार** | **३१४,२५०,०००** | **३२९,९६२,५००** | **३४६,४६०,६२५** | **३६३,७८३,६५६** | |
| १.१.१ | समानीकरण | ९३,३००,००० | ९७,९६५,००० | १०२,८६३,२५० | १०८,००६,४१३ | |
| १.१.२ | सशर्त | १८०,०५०,००० | १८९,०५२,५०० | १९८,५०५,१२५ | २०८,४३०,३८१ | |
| १.१.३ | समपुरक | १६,०००,००० | १६,८००,००० | १७,६४०,००० | १८,५२२,००० | |
| १.१.४ | विशेष | २४,९००,००० | २६,१४५,००० | २७,४५२,२५० | २८,८२४,८६३ | |
| **१.२** | **प्रदेश सरकार** | **२०,१८३,०००** | **२३,१९२,१५०** | **२४,३५१,७५८** | **२५,५६९,३४५** | |
| १.२.१ | समानीकरण | १०,१८३,००० | १०,६९२,१५० | ११,२२६,७५८ | ११,७८८,०९५ | |
| १.२.२ | सशर्त | - | २,०००,००० | २,१००,००० | २,२०५,००० | |
| १.२.३ | समपुरक | ५,०००,००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | |
| १.२.४ | विशेष | ५,०००,००० | ५,२५०,००० | ५,५१२,५०० | ५,७८८,१२५ | |
| २ | **राजस्व बाँडफाँट (संघीय)** | **७९,५४७,०००** | ८३,५२४,३५० | ८७,७००,५६७.५० | ९२,०८५,५९६ | |
| ३ | **राजस्व बाँडफाँट (प्रदेश)** | **-** | **३,०००,०००** | ३,१५०,००० | ३,३०७,५०० | |
| | **कुल जम्मा** | ४१३,९८०,००० | ४३९,६७९,००० | ४६१,६६२,९५० | ४८४,७४६,०९८ | |

स्रोत : गाउँपालिकाको आ.व. ०७९।८० को नीति तथा कार्यक्रम,

# परिच्छेद -सात
# राजस्व सुधार कार्ययोजना तर्जुमाका अपेक्षित नतिजाहरू

**राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चातका अपेक्षित नतिजाहरु यसप्रकार रहेको छ :**

- जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकास भएको हुने
- राजस्व अभिवृद्धिका लागि संभावनाहरुको खोजी हुने, पहिचान भई संभाव्यता अध्ययन हुने
- राजस्व परिचालनका लागि आवश्यक नीति, कार्यक्रम, ऐन, कार्यविधि, निर्देशिका तथा कानूनी व्यवस्था भएको हुने
- राजस्व शाखामा आवश्यक जनशक्तिहरुको व्यवस्था भई राजस्व प्रशासन प्रभावकारी ढंगवाट परिचालन भएको हुने
- राजस्व परामर्श समितिको क्षमता अभिवृद्धि भई राजस्व प्रशासन संचालनमा उल्लेख्य मार्गनिर्देश हुने
- सरोकारवाला निकाय, समुदाय, निजी क्षेत्रहरुसंग राजस्व अभिवृद्धि एवं राजस्व प्रशासन संचालनमा हातेमालो भएको हुने
- संकलित राजस्वहरु पालिकाको आन्तरिक आय वृद्धि हुने क्षेत्रहरुमा परिचालन भएको हुने
- राजस्व संकलनका लागि अनलाइन तथा डिजिटल प्रणालीहरु अवलम्वन क्रमिक रुपमा भएको हुने
- करदाताहरुको अभिलेख अद्यावधिक भई करतिर्ने र नतिर्ने करदाताहरु पहिचान भएको हुने
- गाउँपालिकाका निर्वाचित प्रतिनिधिहरु तथा कर्मचारीहरुले राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नुपर्ने आवश्यकता, यसको महत्व र कार्ययोजना तर्जुमा सम्वन्धी कृयाकलापहरुको बारेमा जानकारी प्राप्त भएको हुने
- गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भई सोको कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक स्रोतमा बृद्धि भएको हुने
- गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गरी आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न सहयोग पुगेको हुने
- राजस्व सुधार कार्ययोजना तर्जुमा पश्चात गाउँपालिकाको वास्तविक आन्तरिक आयको क्षेत्र पहिचान, अधिकार र करका दर दायरा विस्तारमा सुधा आएको हुने
- राजस्व सुधार कार्ययोजना तर्जुमा पश्चात सरोकारावालाहरुको बुझाईमा एकरुपता आएको हुने र सोही अनुसार करका दररेटमा परिमार्जन भएको हुनेछ ।

# परिच्छेद - आठ
# कार्यान्वयन तथा अनुगमन र मूल्यांकन

## ८.१ कार्ययोजनाको कार्यान्वयन

सहभागितात्मक पद्दति अपनाई तर्जुमा गरिएको यस राजस्व सुधार कार्ययोजना कार्यान्वयनको लागि हरिनास गाउँपालिकाले राजस्व सुधारसंग सम्बन्धित नीति, रणनीति, उद्देश्य अनुरुप माथि कार्ययोजना खण्डमा उल्लेख गरिएका कार्यक्रम तथा क्रियाकलापहरुको लागि आवश्यक खर्चलाई बिनियोजन वजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक छ । कार्ययोजनामा उल्लेख भएका कार्यक्रम तथा क्रियाकलापहरु सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरिए बमोजिम आय संकलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजस्व सुधार कार्ययोजनाका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा परियोजनाहरुवाट पनि सहयोग लिन सकिन्छ ।

गाउँपालिकालाई प्राप्त राजस्व अधिकारहरु मध्ये कतिपय अधिकारहरु विगतको तुलनामा निकै फरक भएकाले राजस्व व्यवस्थापनलाई त्यस अनुरुप सुधार गर्नुपर्ने देखिन्छ। तसर्थ राजस्व सुधार कार्य योजनामा उल्लेख भएका कियाकलापहरुलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

## ८.२ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था अनुसार गठन भएको राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी अन्तरिक आम्दानीका स्रोतहरु अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलाई आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ। यो राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सिफारिस गरिएको छ ।

### (क) कार्यालय स्तरको अनुगमन

अनुगमन तथा मूल्यांकनको लागि प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार बनाउनु पर्दछ। स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्ने तर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

### (ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकन

राजस्व परामर्श समितिले त्रैमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षको लागि आयको अनुमान गर्ने कार्य पूर्व भएका गरेका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि कृयाकलाप सिफारिस गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु उपयुक्त हुन्छ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समीक्षा गरि त्यसमा देखिएका कमि कमजोरी सुधार गरी कार्य गर्ने योजना वनाउनु आवश्यक छ ।

### (ग) गाउँकार्यपालिकावाट अनुगमन तथा मूल्यांकन

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिबाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको कममा यस राजस्व सुधार कार्ययोजना ( आ.व. २०८०।८१

देखि २०८२।८३) तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यकताको आधारमा नीतिगत तथा कार्यगत निर्णय लिई प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्नेछ ।

### (घ) वाह्य अनुगमन तथा मूल्याङ्कन

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन तयार गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसंग सम्बन्धित तथ्याङ्क बाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको भावना तथा बिचार सङ्कलन पनि अनुगमनको मुख्य विधि बनाउन सकिन्छ । साथै वाह्य अनुगमन तथा मुल्याङ्कनवाट स्वतन्त्ररुपमा मुल्याङ्कन हुने हुँदा वास्तविक अवस्थाको चित्रण र भावी कार्ययोजना बनाउन मद्दत पुग्ने मान्यता छ ।

# अनुसुचीहरु

# राजस्व सुधार कार्य योजना तयारीका लागि प्रयोग भएका फाराम/अनुसुचीहरु

*अनुसुची-१ सुचना संकलन फाराम*

## *राजस्व सुधार कार्य योजना तयारीका लागि सूचना संकलन फाराम*

**गाउँपालिकाको नामः** **राजस्व शाखा प्रमुखको नामः**

**नोटः सबै रकम रु हजारमा भरिदिनुहोला ।**

**१. गाउँपालिकालाई प्राप्त आन्तरिक राजस्व अधिकार र परिचालनको अवस्थाः**

| आय शीर्षकहरू | सम्भावना (भएको/नभएको) | बैठकबाट दर निर्धारण (भएको/नभएको) | गाउँपालिकाबाट संकलन (भएको/नभएको) |
|---|---|---|---|
| **क) कर राजस्व** | | | |
| • सम्पत्तिमा आधारित कर –मालपोत वा भूमिकर | | | |
| • सम्पत्तिमा आधारित कर – सम्पत्तिकर | | | |
| • व्यवसाय कर | | | |
| • सवारी कर | | | |
| • घरजग्गा बहाल कर | | | |
| • विज्ञापन कर | | | |
| • मनोरञ्जन कर | | | |
| **(ख) गैर कर राजस्व** | | | |
| • सवारी पार्किङ्ग शुल्क | | | |
| • खानेपानी महशुल | | | |
| • विद्युत महसुल | | | |
| • वहाल विटौरी शुल्क | | | |
| • पर्यटन सेवा शुल्क | | | |
| • फोहरमैला व्यवस्थपन शुल्क | | | |
| • प्राकृतिक स्रोतः ढुङगा, गिटि, बालुवा, माटो, दहत्तर बहत्तर बिक्रि | | | |
| • ढल निकास सेवा शुल्क | | | |
| • सार्वजनिक शौचालय सेवा शुल्क | | | |
| • हाटवजार सेवा शुल्क | | | |
| • पशु वधशाला सेवा शुल्क | | | |
| • सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | | | |
| • सडक बत्ती सेवा शुल्क | | | |
| • अतिथि गृह सेवा शुल्क | | | |

| आय शीर्षकहरू | सम्भावना (भएको/नभएको) | बैठकबाट दर निर्धारण (भएको/नभएको) | गाउँपालिकाबाट संकलन (भएको/नभएको) |
|---|---|---|---|
| • अचल सम्पत्ति मूल्यांकन शुल्क | | | |
| • दर्ता तथा नविकरण दस्तुर | | | |
| • नक्सापास दस्तुर | | | |
| • सिफारिस तथा बक्सौनी दस्तुर | | | |
| • नाता प्रमाणित दस्तुर | | | |
| • अन्य प्रमाणित दस्तुर | | | |
| • लिलाम विक्री | | | |
| • सार्वजनिक निजी साझदारी | | | |
| • अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | | | |
| • साँवा, ब्याज, लाभांस र वोनस | | | |
| • भाडा तथा वहाल | | | |
| • मेसिन तथा औजार भाडा | | | |
| • सभागृह भाडा | | | |
| • ताल, पोखरी तथा जग्गा भाडा | | | |

**१.१ गाउँपालिकाले माथि उल्लेखित बाहेक कुनै थप आन्तरिक राजस्व उठाएको भएमा सो को विवरण :**

**क.**

**ख.**

**ग.**

**२. गाउँपालिकाले आन्तरिक आय उठाउन  सक्ने तर हाल सम्म नउठाएका आय शिर्षकहरु तथा सो को परिचालन गर्ने उपाय**

| सम्भाब्य भए पनि हालसम्म नउठाएका आय शिर्षकहरु | लागु नहुनुको कारण | परिचालन गर्ने उपाय |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**३. राजस्व परिचालन सम्बन्धी नीतिगत व्यवस्थाः**

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि के गर्नु पर्ला ? |
|---|---|---|
| **संगठनात्मक व्यवस्था** | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | | |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? | | |
| राजस्व शाखामा हालको पदपुर्तिको अवस्था कस्तो छ ? | | |
| कर्मचारीको क्षमता विकासकोलागि के गरिएको छ ? | | |
| राजस्व प्रशासन शाखाले गर्ने काम तोकिएको छ ? | | |
| कर्मचारीहरुलाई जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | | |
| राजस्व संकलन गर्न सफ्टवयरको प्रयोग छ ? | | |
| कुन कुन शीर्षकको राजस्व संकलन वडा बाट हुन्छ ? | | |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ?, एसएमएस, इमेल, टेलिफोन आदि) | | |
| **राजस्व प्रशासन संचालन अवस्था** | | |
| करदाता अभिलेख आवश्यक पर्ने स्रोतहरु (सम्पत्ति, व्यवसाय, विज्ञापन, वहाल आदि) को करदाताहरुको अभिलेख व्यवस्था कस्तो छ ? | | |
| गाउँपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण छ छैन ? स्थायी सम्पत्तिहरुको परिचालन कस्तो छ ? | | |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | | |
| राजस्व चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् ? र तिनको नियन्त्रणकोलागि कस्तो नीति लिईएको छ ? | | |
| कानुनी व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | | |
| समयमा राजस्व तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आयस्रोतहरुमा कसरी लागु गरिएको छ ? | | |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकमबारे जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | | |
| गाउँपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था के कस्तो छ ? | | |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | | |
| राजस्व बढाउन सार्वजनिक निजी साझेदारीमा के गरिएको छ, के गर्न सकिन्छ | | |
| **सूचना तथा समन्वय** | | |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि के गर्नु पर्ला ? |
|---|---|---|
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षा मूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | | |
| करको दर निर्धारण तथा समिक्षामा सरोकारवालाहरुको सहभागीता कस्तो छ ? | | |
| राजस्व परामर्श समितिको प्रभावकारीता कस्तो छ ? | | |
| राजस्व असुलीमा सरोकारवालाहरु कतिको सकारात्मक रुपमा सहभागी हुन्छन् | | |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | | |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | | |
| गाउँपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? छ भने कुन कुन समयमा ? कसरी हुन्छ ? | | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | | |

**निष्कर्ष: गाउँपालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउन गाउँपालिका आफैले के गर्न सक्छ ?**

क.

ख.

| सम्भाब्यता पहिचान पछि आय संकलनमा ठुलो खाडल (GAP) देखिएका आय शिर्षकहरु | खाडल ठुलो हुनुको कारण | समाधानका उपायहरु |
|---|---|---|
| | | |
| | | |

**४. गाउँपालिकाको आय विवरण**

| क.सं. | आय शिर्षक | यथार्त आन्तरिक आय | | |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| **१** | **आन्तरिक आय** | | | |
| १.१ | कर राजस्व | | | |
| | मालपोत वा भूमिकर | | | |
| | सम्पत्ति कर | | | |
| | व्यवसाय कर | | | |
| | सवारी कर | | | |
| | घरजग्गा बहाल कर | | | |
| | विज्ञापन कर | | | |
| | मनोरञ्जन कर | | | |

| क.सं. | आय शिर्षक | यथार्त आन्तरिक आय | | |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| **१.२** | **गैरकर राजस्व** | | | |
| १.२.१ | सेवा शुल्क | | | |
| | सवारी पार्किङ्ग शुल्क | | | |
| | खानेपानी महशुल | | | |
| | विद्युत महसुल | | | |
| | टेलिफोन महसुल | | | |
| | पर्यटन सेवा शुल्क | | | |
| | फोहरमैला व्यवस्थापन शुल्क | | | |
| | ढल निकास सेवा शुल्क | | | |
| | सार्वजनिक शौचालय सेवा शुल्क | | | |
| | हाटवजार सेवा शुल्क | | | |
| | पशुवधशाला सेवा शुल्क | | | |
| | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | | | |
| | सडक बत्ती सेवा शुल्क | | | |
| | अतिथी गृह सेवा शुल्क | | | |
| | अचल सम्पत्ति मूल्यांकन शुल्क | | | |
| १.२.२ | दस्तुर | | | |
| | दर्ता तथा नविकरण दस्तुर | | | |
| | नक्सापास दस्तुर | | | |
| | सिफारिस तथा बक्सौनी दस्तुर | | | |
| | नाता प्रमाणित दस्तुर | | | |
| | अन्य प्रमाणित दस्तुर | | | |
| १.२.३ | विक्री | | | |
| | प्राकृतिक स्रोतः ढुङगा, गिटि, बालुवा, माटो, दहत्तर बहत्तर बिक्रि | | | |
| | चालु सम्पत्ति लिलाम विक्री | | | |
| | स्थायी सम्पत्ति विक्री | | | |
| १.२.४ | स्रोत परिचालन | | | |
| | सार्वजनिक निजी साझदारी | | | |

| क.सं. | आय शिर्षक | यथार्त आन्तरिक आय | | |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्बर आदि ) | | | |
| १.२.५ | साँवा, ब्याज, लाभांस र वोनस | | | |
| १.२.६ | अन्य आय | | | |
| | भाडा तथा वहाल | | | |
| | मेसिन तथा औजार भाडा | | | |
| | सभागृह भाडा | | | |
| | ताल, पोखरी तथा जग्गा भाडा | | | |
| | दण्ड जरिवाना | | | |
| | धरौटी फिर्ता | | | |
| | पेश्की फिर्ता | | | |
| **२.** | **वाह्य स्रोत** | | | |
| २.१ | अनुदान | | | |
| २.१.१ | नेपाल सरकारबाट अनुदान | | | |
| | शशर्त अनुदान | | | |
| | समानीकरण अनुदान | | | |
| | अन्य नगद अनुदान | | | |
| | समपुरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | प्रदेश सरकारबाट अनुदान | | | |
| | शशर्त अनुदान | | | |
| | समानीकरण अनुदान | | | |
| | समपुरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| २.१.२ | राजस्व वाँडफाँड | | | |
| | संघ | | | |
| | प्रदेश | | | |
| २.१.३ | अन्य अनुदान | | | |
| | | | | |

## ५. सम्भाव्यताको लागि आधारभूत तथ्यांक (प्रोफाईल भएमा प्रोफाईल बाट नभएमा जानकारहरुसँग छलफल गरी भर्ने)

### १. घरको विवरण

| क्र.सं. | घरको वर्गीकरण | घर संख्या | बहालमा भएको संख्या |
|---|---|---|---|
| १ | कच्चीघर (कच्ची जोडाई भई कच्ची छाना भएको) | | |
| २ | कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : एक तले | | |
| ३ | कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : दुई तले | | |
| ४ | कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : दुई तले भन्दा माथी | | |
| ५ | पिलर सिस्टम नभएको पक्कि घर : एक तले | | |
| ६ | पिलर सिस्टम नभएको पक्कि घर : दुई तले | | |
| ७ | पिलर सिस्टम नभएको पक्कि घर : तीन तले | | |
| ८ | पिलर सिस्टम नभएको पक्कि घर : तीन तले भन्दा माथी | | |
| ९ | पिलर सिस्टम भएको पक्कि घर : एक तले | | |
| १० | पिलर सिस्टम भएको पक्कि घर : दुई तले | | |
| ११ | पिलर सिस्टम भएको पक्कि घर : तीन तले | | |
| १२ | पिलर सिस्टम भएको पक्कि घर : तीन तले भन्दा माथी | | |
| १३ | व्यापारीक तथा औद्योगिक प्रयोजनका लागि निर्मित घर<br>*(नोटः व्यपारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)* | | |
| **जम्मा** | | | |

### २. जग्गाको विवरण

| क्र.सं. | जग्गाको किसिम | क्षेत्रफल (विघा, कट्ठा) | जम्मा |
|---|---|---|---|
| १ | ब्यापारिक, ब्यवसायिक(कालो पत्रे सडकले छोएको) | | |
| | ब्यापारिक, ब्यवसायिक(ग्राभेल सडकले छोएको) | | |
| | ब्यापारिक, ब्यवसायिक(कच्चि सडकले छोएको) | | |
| २ | कृषि (नगदे बालि हुने सडकले छोएको)) | | |
| | कृषि (नगदे बालि हुने सडकले नछोएको)) | | |
| | कृषि ( परम्परागत बालि हुने सडकले छोएको)) | | |
| | कृषि ( परम्परागत बालि हुने सडकले नछोएको)) | | |
| ३ | माथि नपरेको (कमसल) | | |
| **जम्मा** | | | |

### ३. गाउँपालिकाको स्वामित्वमा रहेको जग्गा जमिन वा भौतिक निर्माण

| क्र.सं. | स्थान वा भौतिक निर्माण विवरण | संख्या/क्षेत्रफल | परिचालनको अवस्था |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

### ४. गाउँपालिकाको स्वामित्वमा रहेको सवारी साधनको विवरण

| क्र.सं. | सवारी साधन | संख्या | कैफियत |
|---|---|---|---|
| १ | बस, | | |
| २ | ट्रक, | | |

| | | | |
|---|---|---|---|
| ३ | टिप्पर | | |
| ४ | ट्याक्टर | | |
| ५ | अन्य हेभी गाडी | | |
| **जम्मा** | | | |

## ५. गाउँपालिका / वडा क्षेत्रमा रहेका व्यापार व्यवसायको विवरण

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | थोक | खुद्रा | |
| ***१*** | ***व्यापारिक वस्तु*** | | | |
| १.१ | चुरोट, रक्सि, ज्वेलरी | | | |
| १.२ | निर्माण सामाग्री, कम्प्युटर विधुत्त सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ | | | |
| १.३ | खाद्य पदार्थ, कपडा पसल | | | |
| १.४ | सवारी साधन | | | |
| ***२*** | ***विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा*** | | | |
| २.१ | चिकित्सक, इन्जिनियर, कानुन व्यवसायी, लेखा परिक्षक, परामर्शदाता, बीमा एजेन्ट, सर्भेयर, अनुवादक, शेयर दलाल, सामान ढुवानीकर्ता तथा कम्पनी | | | |
| २.२ | संस्थागत पेन्टर | | | |
| ३ | निर्माण व्यवसाय (प्रधान कार्यालय भएको) | | | |
| ४ | उत्पादनमूलक उद्योग | | | |
| ५ | उर्जामूलक उद्योग | | | |
| ६ | कृषि तथा वन जन्य उद्योग | | | |
| ७ | खनिज उद्योग | | | |
| ८ | पर्यटन उद्योग | | | |
| ९ | सेवा उद्योग | | | |
| १० | निर्माण उद्योग | | | |
| ***११*** | ***संचार सेवा*** | | | |
| ११.१ | निजी क्षेत्रको हुलाक, कुरियर, फोन, इमेल, इन्टरनेट | | | |
| ११.२ | छपाई तथा प्रकाशन | | | |
| ***१२*** | ***बित्तीय सेवा*** | | | |
| १२.१ | बाणिज्य बैंक (नेपाल सरकारको पुर्ण स्वामित्व बाहेक) | | | |
| १२.२ | वित्तीय कम्पनी (मुख्य कार्यालय भएको) | | | |
| १२.३ | बीमा कम्पनी | | | |
| १२.४ | वित्तीय कम्पनी (शाखा कार्यालय), मनि एक्सचेन्ज, शेयर कारोबार | | | |
| १२.५ | सहकारी बैंक | | | |
| ***१३*** | ***स्वास्थ्य सेवा*** | | | |
| १३.१ | गैरसरकारी अस्पताल, नर्सिङ्ग होम | | | |
| १३.२ | क्लिनीक तथा ल्याव | | | |
| ***१४*** | ***शिक्षा सेवा*** | | | |
| १४.१ | निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय | | | |
| १४.२ | तालीम तथा अनुसंधान केन्द्र | | | |

| | | | | |
|---|---|---|---|---|
| ***१५*** | ***मर्मत सम्भार सेवा*** | | | |
| ***१६*** | ***अन्य सेवा*** | | | |
| १६.१ | विज्ञापन, व्यूटी पालैर, सैलुन, फोटो स्टुडियो, पेन्टर, बिक्रेता (मासु, फूल विरुवा, सिसा, प्लाईउड, भाँडाकुडाँ, खेलौना, गिफ्फट), पुल हाउस | | | |
| १६.२ | बैदेशिक रोजगार | | | |
| १६.३ | स्वदेशिक रोजगार | | | |
| १६.४ | रियस स्टेट | | | |
| १६.५ | पशु बधशाला | | | |
| १६.६ | स्टिल काठ फर्निचर | | | |
| १६.७ | केबुल नेटवर्किङ्ग | | | |
| ***१७*** | ***अन्य व्यवसाय*** | | | |
| १७.१ | पार्क, पिकनिक स्पट | | | |
| १७.२ | टुर अपरेटर | | | |
| १७.३ | मथि उल्लेखति नभएको ............................... | | | |

**६ गाउँपालिका तथा वडाको स्वामित्वमा रहेको वा सार्वजनीक स्थानमा भएको पार्किङ्ग विवरण**

| क्र.सं. | पार्किङ्ग क्षेत्र, स्थान | सवारी साधन | सवारी पार्किङ्ग संख्या (दैनिक) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अधिकतम | न्यूनतम | औसत | |
| | | बस, ट्रक, ट्रेक्टर | | | | |
| | | मिनिवस | | | | |
| | | कार र टेम्पो | | | | |
| | | अन्य | | | | |

**७. गाउँपालिका तथा वडाले उपलब्ध गराउने विभिन्न सेवा विवरण**

| क्र.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | हालको अवस्था (आय) |
|---|---|---|---|
| १ | खानेपानी | | |
| २ | फोहरमैला व्यवस्थापन | | |
| ३ | सडक बत्ती | | |
| ४ | ढल निकास | | |
| ५ | सार्वजनीक शौचालय | | |
| ६ | हाट बजार | | |
| ७ | पोखरी | | |
| ८ | पशु बधशाला | | |
| ९ | अन्य (जात्रा मेला) | | |
| १० | अन्य ................. | | |
| **जम्मा** | | | |

**८. गाउँपालिका भित्र रहेका पार्क तथा सम्भावित पर्यटकीय स्थलहरुको विवरण**

*अनुसुची २ कार्यशाला गोष्ठीको उपस्थिति तथा फोटोहरु*


PAGE NO.

DATE / /

आज मिति २०७३/१२/१३ गते आइतबार हरिनास गाउँपालिकाका उपाध्यक्ष श्री इन्द्रकुमारी थापा रानाको अध्यक्षतामा 'मध्यम-कालीन खर्च संरचना' सम्बन्धी कार्यशालामा तपशिलका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थितिमा संचालन गरियो ।

तपशिल

अध्यक्षता : इन्द्रकुमारी थापा रना
प्र.प्र.अ. : मुकुन्द राज पौडेल
अ. हेर्ने : विदुर सिग्देल
राजस्व शि : नारायण कुमार वि.सि.
राजस्व शि : नरेन्द्र विक्रम के.सी.
ललिता विष्ट
सोती थापा
वडा अध्यक्ष १ : इन्द्र बहादुर गुरुङ
" २ : खिम बहादुर थापा
" ३ : ओम प्रकाश सिग्देल
" ४ : रूद्र बहादुर थापा
" ५ : निर्मला लम्साल
" ६ : दिल बहादुर रना
" ७ : भरत थापा
का.पा.स. : उजेली नेपाली दर्जी
" इन्द्रकुमारी थापा
" अमृत भुजेल
" धनमाया राना
" डोल बहादुर नेपाली
" बुद्धि माया वि.क.
आमन्त्रित हरु : सविन देवकोटा (हरिनास गा.पा.)
सो.अ. : संजोग बन्जारा
प्रा.स. : लक्ष्मी कार्की
जा.प.स. : तिष्णु अधिकारी
MIS : सरोज मराशिनी
प्र.क.लिपि : पुष्पमाया थापा
वडासचिव : धनश्याम बस्याल (वडा नं. १)


PAGE NO
DATE / /

वडा सचिव : डिल बहादुर राना (वडा नं ३)
" : लाल बहादुर थापा (वडा नं ४)
" : विशाल कोइराला (वडा नं ८)
" : सुशिला मराहिती (वडा नं ६)
अमिन : सन्दिप लिङदेल
सा.प्रा. : सरोजानन्द शर्मा
कृ.अ. : रश्मी खिड्काली थापा
उति.का. लक्ष्मी कुमारी खत्री
SAMI : चेतमाया राना
लेखापाल : लालचन्द गौड
अ.हेर्नु : तोल बहादुर थापा


हरिनास गाउँपालिका
राजस्व सुधार कार्ययोजना तर्जुमा
सम्बन्धी प्रारम्भिक कार्यशाला
मिति: २०७९।१२।१९
स्थान: गाउँपालिका सभाहल
प्राविधिक सहयोग
सुप्रिम डेभलपमेण्ट कन्सल्टेन्ट
किर्तिपुर, काठमाण्डौ
आयोजक
हरिनास गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ्ग, स्याङजा





